Internet Rights & Principles Coalition

# इन्टरनेटसँग सम्बन्धित मानवअधिकार र सिद्धान्त बडापत्र

IGF Internet Governance Forum

Digital Rights Nepal

# विषय सूची

परिचय ............................................................१
संलग्न हुने प्रक्रिया ..............................................३
आइआरपीसी बडापत्र
तर्जुमा प्रकृया .....................................................४
इन्टरनेटसँग सम्बन्धित
दश अधिकार र
सिद्धान्तहरु ........................................................६
इन्टरनेटसँग सम्बन्धित मानवअधिकार
र सिद्धान्त बडापत्र
(संस्करण १.१) ....................................................८
परिशिष्ट ............................................................२८

**April 2022** प्रथम संस्करण
इन्टरनेट राइट्स एण्ड प्रिन्सिपल्स डाइनामिक
कोअलिसन (आइआरपीसी) - संयुक्त राष्ट्र
इन्टरनेट गभर्नेन्स फोरम (युएन आइजीएफ)
यो प्रकाशन क्रिएटिभ कमन्स एट्रिब्युशन-नन
कमर्सियल-शेयरएलाइक ३.० अनपोर्टेड
इजाजतपत्र अन्तर्गत रहेको छ ।

संकलन तथा सम्पादनः म्यारिएन फ्रैंकलिन
रोबर्ट बोडले, डिक्सी हटिन र मिण्डा मोरेइरा

डिजाइनः जीना फेल्डम्यान

अनुवादः अधिवक्ता सन्तोष सिग्देल (अधिवक्ता
टंकराज अर्यालको सहयोगमा)

Internet Rights & Principles Coalition

# परिचय

इन्टरनेट राइट्स एण्ड प्रिन्सिपल्स डाइनामिक कोअलिसन (आइआरपी कोअलिसन) अनलाईन वातावरण र इन्टरनेट नीति निर्माणको विस्तारित क्षेत्रमा मानवअधिकार संरक्षणको उद्देश्यबाट कार्यरत व्यक्ति तथा संस्थाहरूको अन्तर्राष्ट्रिय खुला सञ्जाल हो । यो संयुक्त राष्ट्र सङ्घको इन्टरनेट गभर्नेन्स फोरममा आधारित छ, जुन इन्टरनेट गभर्नेन्सको विषयवस्तु अन्तर्गत पर्ने आपसी सरोकारका साझा मुद्दाहरूमा सरकार, व्यवसायी, र नागरिक समाज समूहहरूले एकसाथ छलफल गर्ने खुला "बहुसरोकारवाला" फोरम हो । (http://www.intgovforum.org/cms/aboutigf)

आइआरपीसी सन् २००८ देखि नै विश्वव्यापी इन्टरनेट गभर्नेन्स फोरमका साथसाथै क्षेत्रीय बैठक तथा सम्बन्धित कार्यक्रमहरूमा इन्टरनेट गभर्नेन्सका लागि अधिकारमा-आधारित सिद्धान्तहरूको प्रवर्द्धन गर्न सक्रिय छ । आइआरपीसीमा सबै क्षेत्रका व्यक्ति र संगठनहरूको सहभागिता रहेको छ । यसमा विकसित तथा अविकसित दुवै विश्वका (ग्लोबल साउथ र ग्लोबल नर्थ) तल्लो तहका सर्वसाधारण सम्मिलित समूहहरु, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, अनुसन्धानकर्ताहरु, अभियन्ताहरु, वकिलहरु, व्यवसायीहरु, इन्टरनेट र मोबाइल फोन सेवा प्रदायकहरु, प्राविधिक समुदायहरु, सरकारी प्रतिनिधिहरु, र अन्तर्सरकारी संस्थाका सहभागीहरु छन् ।

आइआरपी कोअलिसनको आजसम्मको प्रमुख कार्य इन्टरनेटसँग सम्बन्धित अधिकार र सिद्धान्तहरूको परिचालनका लागि आवश्यक सचेतना, बुझाइ र साझा मञ्च निर्माणका लागि प्रचलित मानवअधिकारहरूलाई इन्टरनेटको वातावरणअनुरूप व्याख्या गर्नु रहेको छ ।

हाम्रो प्रमुख दस्तावेज इन्टरनेटसँग सम्बन्धित मानवअधिकार र सिद्धान्त बडापत्र (http://internetrightsandprinciples.org/wpcharter/) ले मानवअधिकारको विश्वव्यापी घोषणापत्र र संयुक्त राष्ट्र संघको मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय बडापत्र (http://internationalbillofhumanrights.com/) को आधारका रूपमा रहेका महासन्धिअन्तर्गतका मानवअधिकारको सम्पूर्ण दायरालाई समेट्छ । यो दस्तावेज थुप्रै व्यक्ति र संस्थाहरूको निकै वर्षदेखिको परिश्रमको परिणाम हो र अन्य व्यक्ति तथा संस्थाहरूले विशेष परिस्थितिमा यस बडापत्रका २१ खण्डहरु लागू गर्न थालेपछि यसको महत्त्व अझै बढ्दै गएको छ । सन् २०११ मा कोअलिसनले बडापत्रमा अन्तर्निहित दश प्रमुख मान्यता र सिद्धान्तहरूको परिष्कृत स्वरूपमा दशवटा मूल सिद्धान्तहरु (http://internetrightsandprinciples.org/site/campaign/) जारी गऱ्यो । यस पुस्तिकामा यी दुवै दस्तावेजहरु समेटिएका छन् ।

सन् २०१३ को सुरूवातमा युनेस्कोद्वारा आयाजित WSIS+10 को पहिलो समीक्षा बैठक https://www.unesco-ci.org/cmscore/events/51-rights-based-principles-and-internet-taking-stock-and-moving-forward मा आइआरपी कोअलिसनले बडापत्रको दोस्रो चरण, "बडापत्र २.०" को सुरूवात गर्यो ।

**बडापत्र २.0 परियोजनाको दुईवटा उद्देश्य रहेका छन्:**

१. अनलाईन र अफलाईन मानवअधिकारको संरक्षण र उपभोगका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सार्वजनिक चासो बढिरहेको सन्दर्भमा बडापत्रको बारेमा थप सचेतना जगाउने ।

२. इन्टरनेट गभर्नेन्स फोरम तथा अन्य नीतिगत तहमा इन्टरनेट गभर्नेन्ससम्बन्धी सिद्धान्तहरूको विकासका लागि यस बडापत्रमा रहेका मानवअधिकार र सिद्धान्तहरूले स्पष्ट र आवश्यक संरचना उपलब्ध गर्नेछन् भन्नेमा जोड दिँदै वर्तमान बडापत्रका खण्डहरु अद्यावधिक गर्न खोजिरहेको सन्दर्भमा उक्त प्रकृयामा सहभागिता जनाउन र योगदान पुऱ्याउनका लागि आह्वान गर्ने ।

## मानवअधिकार र सिद्धान्तहरू भन्नाले हामी के बुझ्छौँ ?

मानवअधिकार भनेको अन्तर्राष्ट्रिय कानूनद्वारा परिभाषित अन्तर्राष्ट्रिय मानवअधिकार हो । हामीले उक्त मानवअधिकारलाई प्रत्यक्ष रूपमा इन्टरनेटको सन्दर्भमा व्याख्या गरेका छौं, उदाहरणका लागि, ब्लकिङ तथा फिल्टरिङबाट स्वतन्त्रता । यस्ता अधिकारहरूलाई "प्रत्येक व्यक्तिलाई ... ... को अधिकार छ" तथा "प्रत्येक व्यक्तिलाई ... ... को स्वतन्त्रता छ" जस्ता भाषाको प्रयोगद्वारा पहिचान गर्न सकिन्छ । "सिद्धान्त" भनेर हामीले इन्टरनेटसँग सम्बन्धित नीतिगत सिद्धान्त वा कार्यान्वयन-सिद्धान्तहरूको बारेमा कुरा गरिरहेका छौं, जसले मानवअधिकार सुनिश्चित गर्न आवश्यक पर्ने प्रणालीको विशेषताहरूको वर्णन गर्दछ, र यी सिद्धान्तहरूलाई "हुनेछ" तथा "गरिनेछ" जस्ता भाषाको प्रयोगद्वारा पहिचान गर्न सकिन्छ ।

## इन्टरनेटसँग सम्बन्धित मानवअधिकार र सिद्धान्त बडापत्रले कसलाई सम्बोधन गर्दछ ?

मानवअधिकारले राज्य र व्यक्तिबीचको सम्बन्धलाई नियन्त्रित गर्दछ, त्यसैगरी मानवअधिकार दायित्वहरूले राज्यहरूलाई बाँध्छ । यो बडापत्र विद्यमान मानवअधिकारहरूमा आधारित छ र व्यावहारिक रूपमा हेर्दा यसका अधिकांश प्रावधानहरु राज्यलाई मात्रै बाध्यकारी हुनेछन् । यद्यपि मानवअधिकार कानूनअन्तर्गत निजी क्षेत्रको दायित्वहरु छन् भन्ने मान्यता बढ्दो छ, जुन आधिकारिक रूपमा संयुक्त राष्ट्र संघको "संरक्षण, सम्मान र उपचार" संरचनामा उल्लिखित छन् । त्यसकारण "कार्यान्वयन निर्देशिका" दस्तावेजमा हामीले निजी क्षेत्र (कम्पनी) हरूको कर्तव्यको प्रारूप पनि तयार गर्न खोजेका छौ । हामीले इन्टरनेटमा मानवअधिकार सुनिश्चित गर्न कम्पनीहरूको तर्फबाट के गरिनु आवश्यक छ भन्ने प्रारूप तयार पारेका छौं, जुन कम्पनीहरूका लागि उनीहरूले कस्तो व्यवहार गर्नुपर्छ भन्ने र राज्यका लागि कम्पनीहरूलाई कसरी नियमन गर्ने भन्ने दिशानिर्देशहरु हुन् ।

## इन्टरनेटसँग सम्बन्धित मानवअधिकार र सिद्धान्त बडापत्रको उद्देश्य के हो ?

आइआरपीसी बडापत्रको लक्ष्य अनलाइन वातावरणमा मानवअधिकारको संवर्द्धन तथा अभिवृद्धिका लागि अन्तर्राष्ट्रिय मानवअधिकारमा आधारित पहिचान योग्य ढाँचा स्थापना गर्नु हो । यो लक्ष्य तीन मुख्य उद्देश्यहरूमा विभाजित छः

१. इन्टरनेटको विश्वव्यापी डिजाइन, पहुँच, र उपयोगका लागि विभिन्न सरोकारवालाको प्राथमिकताका बीचमा संवाद र सहकार्यका लागि साझा बिन्दु उपलब्ध गराउनु ।
२. इन्टरनेट गभर्नेन्सको स्थानीय, राष्ट्रिय र विश्वव्यापी आयामहरूको लागि नीतिगत निर्णय तथा अधिकारमा-आधारित मापदण्डहरु विकास गर्न सक्षम आधिकारिक दस्तावेज उपलब्ध गराउनु ।
३. इन्टरनेटका लागि अधिकारमा-आधारित सिद्धान्तहरु विकास गर्न प्रतिबद्ध सरकारहरु, व्यवसायहरु, र नागरिक समाज समूहहरूका लागि नीति निर्माण तथा वकालतसम्बन्धी औजार उपलब्ध गराउनु ।

# संलग्न हुने प्रक्रिया

आइआरपी कोअलिसन इन्टरनेट गभर्नेन्स फोरममा आधारित छ । यस कोअलिसनमा बडापत्रसँग सम्बन्धित कार्यमा योगदान गर्न चाहने कुनै पनि व्यक्ति वा संस्था आबद्ध हुन सक्दछन् । आइआरपी कोअलिसनसम्बन्धी थप जानकारी www.internetrightsandprinciples.org मा वा इन्टरनेट गभर्नेन्स फोरमको वेबसाइट http://www.intgovforum.org/cms/dynamiccoalitions/72-ibr मा उपलब्ध छ ।

यसमा तपाईं निम्नानुसार प्रत्यक्ष रूपमा संलग्न हुन सक्नुहुन्छ ।

- आइआरपीको मेलिङ सूचीमा जोडिनुहोस् । http://lists.internetrightsandprinciples.org/cgi-bin/mailman/listinfo/irp.
- आइआरपीको फेसबुक समूहमा जोडिनुहोस्, www.facebook.com/internetrightsandprinciples
- ट्विटरमा आइआरपी कोअलिसनलाई पछ्याउनुहोस्, @netrights
- आइआरपी कोअलिसनका सह-अध्यक्ष वा सञ्चालक समिति सदस्यहरूलाई सम्पर्क गर्नुहोस् ।
- तपाईंको क्षेत्रमा भएको कुनै पनि इन्टरनेट गभर्नेन्स बैठकमा प्रत्यक्ष रूपमा वा भर्चुअल रूपमा सहभागिता जनाउनुहोस् ।
  यी कार्यक्रमसम्बन्धी जानकारी आइजीएफको वेबसाइट (http://www.intgovforum.org/cms/igf-initiatives), आइआरपी कोअलिसनको वेबसाइट (www.internetrightsandprinciples.org) र कोअलिसनमा संलग्न संस्थाहरूको वेबसाइटमा उपलब्ध हुन्छ ।

## थप जानकारीको लागि

www.internetrightsandprinciples.org मा जानुहोस् ।

# आइआरपी कोअलिसन बडापत्र कसरी बन्यो ?

इन्टरनेट गभर्नेन्सका लागि मानवअधिकारको अवधारणा उपयोग गर्ने विचार सूचना समाजसम्बन्धी विश्व शिखर सम्मेलनको दोस्रो चरणमा देखा पर्यो र सन् २००५ मा सम्पन्न ट्युनिस शिखर सम्मेलनमा यो विचारले व्यापक समर्थन प्राप्त गर्यो । यस कार्यका लागि उक्त समयमा दुई गठबन्धनहरु गठन गरियो । मानवअधिकारको बडापत्र विकास गर्नका लागि इन्टरनेट बिल अफ राइट्स् डाइनामिक कोअलिसन (Internet Bill of Rights Dynamic Coalition) गठन गरियो भने इन्टरनेट गभर्नेन्स सिद्धान्तहरुमा केन्द्रित रहने गरी फ्रेमवर्क अफ प्रिन्सिपल्स् फर दि इन्टरनेट डाइनामिक कोअलिसन (Framework of Principles for the Internet Dynamic Coalition) गठन गरियो ।

सन् २००८ मा भारतको हैदरावादमा सम्पन्न तेस्रो इन्टरनेट गभर्नेन्स फोरमको बैठकसम्ममा इन्टर नेटका लागि मानवअधिकार र सिद्धान्तहरु विकास गर्ने यी दुई परियोजनाहरु एक अर्कामा घनिष्ट रुपमा सम्बन्धित छन् अर्थात् मानवअधिकार प्रवर्द्धन गर्ने अनलाइन वातावरणलाई दिगो बनाउन केही सिद्धान्तहरु सुनिश्चित गरिनुपर्छ भन्ने कुरामा आम सहमति तयार भैसकेको थियो । सन् २००९ को प्रारम्भमा यी दुई कोअलिसनहरु इन्टरनेट गभर्नेन्स फोरमलाई हाँक्ने "बहुसरोकारवाला सहभागितामूलक मोडेल" अन्तर्गत आफ्नो शक्ति र स्रोतहरु संयोजन गर्ने उद्देश्यले इन्टरनेट राइट्स एण्ड प्रिन्सिपल्स् डाइनामिक कोअलिसन (Internet Rights and Principles Dynamic Coalition (IRPC)) गठन गर्नका लागि एक आपसमा एकाकार भए । नयाँ गठबन्धनका सबै सदस्यहरु संलग्न यस्तो अनलाइन र अफलाइन "सहकार्य लेखन" अभ्यासको परिणामबाट इन्टरनेटसँग सम्बन्धित मानवअधिकार र सिद्धान्त बडापत्र तयार भएको थियो । सन् २००९ र २०१० को अवधिमा बडापत्रको प्रारम्भिक मस्यौदाहरुलाई परिष्कृत गरियो र बडापत्र अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरुसँग मिल्दो छ भनी सुनिश्चित गर्न मानवअधिकारका विशेषज्ञहरुको समूहहरुलाई जाँच गर्न लगाइयो । कोअलिसन सदस्यहरुले यस मस्यौदा प्रक्रियाको सबै चरणहरुमा छलफल र योगदान गरेका थिए । लिथुआनियाको भिल्नियसमा सम्पन्न २०१० को इन्टरनेट गभर्नेन्स फोरममा पहिलो पूर्ण मस्यौदा (संस्करण १.०) जारी गरिसकेपछि हालको संस्करण (संस्करण १.१) को अन्तिम मस्यौदा इन्टरनेट गभर्नेन्स फोरमभित्र र त्यसको केही महिना पछि बाह्य परामर्शको लागि खुला गरिएको थियो । यस बैठकमा लामो र कानूनी रुपमा जटिल बडापत्रलाई बाह्य पहुँच, शिक्षा र वकालतका लागि थप पहुँच योग्य ढाँचामा विकास गर्न कार्यदल गठन गरियो । यसैको परिणामस्वरुप "दश मूल सिद्धान्त" तयार भयो जुन सन् २०११ मा अनलाइन र दस्तावेजका रुपमा जारी गरिएको थियो । यी दश सिद्धान्तहरुलाई एक कार्यशाला आयोजना गरी विभिन्न २१ वटा भाषाहरुमा अनुवाद गरियो भने त्यसपछि पनि निरन्तर रुपमा नयाँ अनुवादहरु भई नै रहेका छन् । (http://internetrightsandprinciples.org/site/campaign/).

आइआरपी कोअलिसन बडापत्र एउटा जीवित दस्तावेज हो । अनलाइन वातावरणमा पनि हाम्रो अधिकारहरु सुनिश्चित हुनुपर्छ भन्ने सचेतना द्रुत रुपमा वृद्धि हुँदै गएको हालको अवस्थामा बडापत्रले विकसित हुँदै गरेका इन्टरनेट गभर्नेन्स सिद्धान्तको क्षेत्रमा रचनात्मक योगदान गरेको छ । अनलाइन वातावरण पनि मानवअधिकारको संरक्षण गर्ने ठाउँ हो भन्ने सुनिश्चित गर्न प्रतिबद्ध नागरिक समाज, सरकार र व्यवसायहरुको अधिकारमुखी प्रयासहरुका लागि बडापत्र प्रेरणाको एउटा स्रोत भएको छ ।

अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी संयुक्त राष्ट्र संघका विशेष प्रतिवेदक फ्रान्क लारुको सन् २०११ को प्रतिवेदन र संयुक्त राष्ट्र संघ मानवअधिकार परिषद् को सन् २०१२ को मानवअधिकार र इन्टरनेटसम्बन्धी ऐतिहासिक निर्णय दुवैले बडापत्रको महत्त्वलाई पुष्टि गरेका छन् । बडापत्र २.० चरणले यस कार्यलाई थप सुदृढ बनाउने र जनसाधारणमा व्यापक रुपमा प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ ।

# इन्टरनेटसँग सम्बन्धित दश अधिकार र सिद्धान्त

“

इन्टरनेटले मानवअधिकारको कार्यान्वयनका लागि अभूतपूर्व अवसरहरु प्रदान गर्दछ र हाम्रो दैनिक जीवनमा यसको भूमिका महत्त्वपूर्ण रूपमा वृद्धि हुँदैछ । त्यसैले सार्वजनिक र निजी दुवै पक्षले इन्टरनेटमा मानवअधिकारको सम्मान र संरक्षण गर्नु आवश्यक छ । मानवअधिकारलाई अधिकतम हदसम्म प्रत्याभूत गर्ने तरिकाबाट इन्टरनेट चल्नेछ र यसको विकास हुनेछ भनी सुनिश्चित गर्नका लागि पनि आवश्यक कदमहरु चालिनु पर्छ । अधिकारमा आधारित इन्टरनेट वातावरणको यो दृष्टिकोण साकार पार्न अवलम्बन गरिएका १० अधिकार र सिद्धान्तहरु यस प्रकार रहेका छन्:

**१) सार्वभौमिकता र समानता**

सबै मानिस जन्मजात स्वतन्त्र छन् र उनीहरु मर्यादा र अधिकारमा समान हुन्छन् । यस कुरालाई अनलाइन वातावरणमा सम्मान, संरक्षण र परिपूर्ति गरिनु पर्छ ।

**२) अधिकार र सामाजिक न्याय**

इन्टरनेट मानवअधिकारको प्रवर्द्धन, संरक्षण, परिपूर्ति गर्ने र सामाजिक न्याय अभिवृद्धि गर्ने स्थान हो । अनलाइन वातावरणमा सबैको मानवअधिकारको सम्मान गर्नु सबैको कर्तव्य हो ।

**३) पहुँच**

प्रत्येक व्यक्तिलाई सुरक्षित र खुला इन्टरनेट पहुँच र प्रयोगको समान अधिकार छ ।

**४) अभिव्यक्ति र संगठन**

प्रत्येक व्यक्तिलाई पूर्व प्रतिवन्ध वा अन्य हस्तक्षेप बिना इन्टरनेटमा स्वतन्त्र रूपमा सूचना खोज्ने, प्राप्त गर्ने र प्रवाह गर्ने अधिकार छ । प्रत्येक व्यक्तिलाई सामाजिक, राजनीतिक, सांस्कृतिक वा अन्य उद्देश्यका लागि इन्टरनेटको माध्यमबाट र इन्टरनेटमा स्वतन्त्र रूपमा संगठित हुने अधिकार पनि छ ।

**५) गोपनीयता र तथ्याङ्क संरक्षण**

प्रत्येक व्यक्तिलाई अनलाइन गोपनीयताको अधिकार छ । यसअन्तर्गत निगरानीबाट स्वतन्त्रता, इन्क्रिप्शन (कूटलेखन) प्रयोग गर्ने अधिकार र अनलाइन अज्ञातताको अधिकार समावेश छ । प्रत्येक व्यक्तिलाई व्यक्तिगत तथ्याङ्कको सङ्कलन, नियन्त्रण, प्रशोधन, खारेजी तथा खुलासामा नियन्त्रण लगायत तथ्याङ्क सुरक्षाको अधिकार पनि छ ।

**६) जीवन, स्वतन्त्रता र सुरक्षा**

जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकारलाई अनलाइनमा सम्मान, संरक्षण र परिपूर्ति गर्नुपर्छ । अनलाइन वातावरणमा यी वा अन्य अधिकारहरु उल्लङ्घन गर्न यसको प्रयोग गरिनु हुँदैन ।

**७) विविधता**

इन्टरनेटमा सांस्कृतिक र भाषिक विविधता प्रवर्द्धन गरिनु पर्छ र अभिव्यक्तिको बहुलतालाई सहज बनाउन प्राविधिक र नीतिगत नवीनतालाई प्रोत्साहन गरिनुपर्छ ।

**८) नेटवर्क समानता**

व्यापारिक, राजनीतिक वा अन्य आधारमा भेदभावपूर्ण प्राथमिकता, फिल्टरिङ वा ट्राफिक नियन्त्रणबाट मुक्त, इन्टरनेटको सामग्रीमा सबैलाई विश्वव्यापी र खुला पहुँच हुनेछ ।

**९) मापदण्ड र नियमन**

इन्टरनेटको संरचना, सञ्चार प्रणाली तथा दस्तावेज र तथ्याङ्कसम्बन्धी ढाँचाहरु खुला मापदण्डमा आधारित हुनुपर्छ जसले पूर्ण अन्तरसञ्चालनशीलता, समावेशीकरण र सबैका लागि समान अवसर सुनिश्चित गर्दछ ।

**१०) गभर्नेन्स**

मानवअधिकार र सामाजिक न्यायले कानूनी र मानक आधारहरु सिर्जना गर्नुपर्छ जसको आधारमा इन्टरनेट सञ्चालन र नियन्त्रित हुनुपर्छ । यो खुलापन, समावेशी सहभागिता र जवाफदेहिताको सिद्धान्तमा आधारित पारदर्शी र बहुपक्षीय रूपमा हुनेछ ।

**इन्टरनेटसम्बन्धी दश अधिकार र सिद्धान्त**

**डाउनलोड गर्नका लागि (२७ भाषामा) यहाँ उपलब्ध छ**

http://internetrightsandprinciples.org/site/campaign

# इन्टरनेटसँग सम्बन्धित मानवअधिकार र सिद्धान्त बडापत्र

इन्टरनेटसँग सम्बन्धित अधिकार र सिद्धान्त बडापत्र इन्टरनेट राइट्स् एण्ड प्रिन्सिपल्स् डाइनामिक कोअलिसनद्वारा विकास गरिएको हो र यो बडापत्र एसोसिएसन अफ प्रोग्रेसिब कम्युनिकेसनले तयार पारेको इन्टरनेट अधिकार बडापत्र र अन्य सन्दर्भ सामग्रीहरूमा आधारित रहेको छ ।

यो बडापत्र जेनेभामा आयोजित सूचना समाज विश्व सम्मेलन (WSIS) द्वारा पारित सिद्धान्त घोषणापत्र र सूचना समाजका लागि ट्युनिस एजेण्डामा आधारित छ र यी दुवै दस्तावेजले व्यक्ति, समुदाय र मानिसलाई उनीहरूको दिगो विकास प्रवर्द्धन र जीवनको गुणस्तर सुधारमा पूर्ण क्षमता हाँसिल गर्न सक्षम बनाउन सूचना सञ्चार प्रविधिले व्यापक अवसरहरु प्रदान गर्दछ भन्ने स्वीकार गरेका छन् । WSIS घोषणापत्र सरह यस बडापत्रले मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) मा निहित आधारभूत मानवअधिकारको सम्मान र समर्थन गर्ने जन केन्द्रित सूचना समाज निर्माण गर्ने लक्ष्य राखेको छ ।

यस बडापत्रले विश्वव्यापी मानवअधिकारको मापदण्डलाई नयाँ सन्दर्भ, अर्थात् इन्टरनेटको सन्दर्भमा व्याख्या र विवेचना गर्दछ । बडापत्रले मानवअधिकार अफलाइन (भौतिक संसार) मा जस्तै अनलाइनमा पनि लागू हुन्छ भन्ने कुरामा जोड दिन्छः अन्तर्राष्ट्रिय कानूनमा व्याख्या गरिएअनुसार मानवअधिकारका मापदण्डहरु अपरिवर्तनीय छन् । बडापत्रले इन्टरनेट युगमा नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक विकासको माध्यमको रूपमा इन्टरनेटको क्षमतालाई समर्थन र विस्तार गरी मानवअधिकार परिपूर्ति गर्न आवश्यक इन्टरनेट नीति सिद्धान्तहरु पनि पहिचान गर्दछ ।

अन्तर्राष्ट्रिय कानूनअनुसार राज्यहरु आफ्ना नागरिकको मानवअधिकारको सम्मान, संरक्षण र परिपालना गर्न कानूनी रूपमा बाध्य छन् । आफ्नो क्षेत्राधिकारभित्र मानवअधिकारको कार्यान्वयन गर्ने मुख्य दायित्व सरकारको हो । संरक्षणको दायित्वअन्तर्गत सरकारहरूले व्यवसायलगायत अन्य पक्षहरूले गर्ने मानवअधिकार उल्लङ्घनबाट नागरिकहरूलाई जोगाउनु पर्दछ । राज्यलाई आफ्नो भौगोलिक क्षेत्र वा क्षेत्राधिकार भित्र भएका मानवअधिकार उल्लङ्घनमा अनुसन्धान गर्न, सजाय गर्न र उपचार प्रदान गर्न आवश्यक उपयुक्त कदम चाल्ने दायित्व पनि रहेको छ ।
यद्यपि अन्तर्राष्ट्रिय मानवअधिकार व्यवस्थाअन्तर्गत अन्य पक्षहरूको पनि जिम्मेवारी रहेको छ । मानवअधिकारको विश्वव्यापी घोषणापत्रले "प्रत्येक व्यक्ति र समाजका प्रत्येक अंग" लाई मानवअधिकारको प्रवर्द्धन र सम्मान गर्न आह्वान गर्दछ । यी जिम्मेवारीहरूले राष्ट्रिय कानूनअन्तर्गत लागू गरिएको अवस्थामा बाहेक कानूनी दायित्व त सिर्जना गर्दैनन् तर कम्पनी तथा अन्य निजी संस्थाहरूले सम्मान गर्नुपर्ने प्रचलित सामाजिक मान्यताहरूको अंशको रूपमा भने रहन्छन् ।

तसर्थ बडापत्रअन्तर्गतको प्राथमिक जिम्मेवारी सरकारको हो भने बडापत्रले सरकारलाई निजी कम्पनीहरूले मानवअधिकारको सम्मान गरिरहेको छ भन्ने कुरा कसरी सुनिश्चित गर्नुपर्छ भन्ने दिशानिर्देश गरेको छ र कम्पनीहरूलाई इन्टरनेट वातावरणमा मानवअधिकारको सम्मान गर्न कसरी व्यवहार गर्नुपर्छ भन्ने निर्देशन पनि उल्लेख गरेको छ ।

यो बडापत्र हालसम्म मस्यौदाको रूपमा नै रहेको छ । अन्तिम दस्तावेजमा तीन खण्डहरु समावेश हुनेछन् । पहिलो खण्ड (यो दस्तावेज) ले इन्टर नेट-सञ्चालित सामाजिक वातावरणको सन्दर्भमा मानवअधिकारको व्याख्या गर्नेछ । दोस्रो खण्डले निर्दिष्ट पक्ष र प्रविधिहरूका लागि कार्यान्वयन निर्देशनहरु विस्तार गर्नेछ । अन्तिम खण्डले बडापत्रको प्रत्येक धाराको व्याख्या र विस्तार गर्नेछ । यस खण्डले प्रत्येक धाराको मस्यौदा इतिहास उल्लेख गर्ने छ र अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय कानून तथा नियमावली, नागरिक समाज र अन्य सम्बद्ध संस्थाहरूद्वारा तोकिएका मापदण्डहरूलगायत सबै सहयोगी दस्तावेजहरु सूचीबद्ध गर्नेछ ।

# विषय सूची

प्रस्तावना ............ १२
१) इन्टरनेटमा पहुँचको अधिकार ............ १३
  क) सेवाको गुणस्तर
  ख) प्रणाली र सफ्टवेयर प्रयोगमा छनौटको स्वतन्त्रता
  ग) डिजिटल समावेशिताको सुनिश्चितता
  घ) नेट तटस्थता र नेट समानता
२) इन्टरनेट पहुँच, प्रयोग र गभर्नेन्समा भेदभाव विरूद्धको अधिकार ............ १४
  क) पहुँचमा समानता
  ख) सीमान्तकृत समूह
  ग) लैङ्गिक समानता
३) इन्टरनेटमा स्वतन्त्रता र सुरक्षाको अधिकार ............ १५
  क) सबै स्वरूपका अपराधहरु विरूद्धको संरक्षण
  ख) इन्टरनेटको सुरक्षा
४) इन्टरनेटमार्फत विकासको अधिकार ............ १५
  क) गरिबी न्यूनीकरण र मानव विकास
  ख) वातावरणीय दिगोपन
५) इन्टरनेटमा अभिव्यक्ति र सूचनाको स्वतन्त्रता ............ १६
  क) अनलाइन विरोधको स्वतन्त्रता
  ख) पूर्वप्रतिबन्धबाट स्वतन्त्रता
  ग) सूचनाको हक
  घ) मिडिया स्वतन्त्रता
  ङ) घृणास्पद अभिव्यक्तिबाट स्वतन्त्रता
६) इन्टरनेटमा धर्म र आस्थाको स्वतन्त्रता ............ १७
७) अनलाइनमा भेला हुने तथा संगठित हुने स्वतन्त्रता ............ १७
  क) इन्टरनेटमा भेला तथा संगठनमा सहभागिता ............ १८
८) इन्टरनेटमा गोपनीयताको अधिकार
  क) गोपनीयतासम्बन्धी राष्ट्रिय कानून
  ख) गोपनीयता नीति तथा सेटिङ
  ग) सूचना प्रविधि प्रणालीहरूको गोपनीयता र अखण्डता मापदण्ड
  घ) भर्चुअल व्यक्तित्वको संरक्षण
  ङ) अज्ञातता र इन्क्रिप्सन प्रयोग गर्ने अधिकार
  च) निगरानीबाट स्वतन्त्रता
  छ) मानहानिबाट स्वतन्त्रता
९) डिजिटल तथ्याङ्क संरक्षणको अधिकार ............ १९
  क) व्यक्तिगत तथ्याङ्कको संरक्षण
  ख) तथ्याङ्क सङ्कलनकर्ताको दायित्व
  ग) व्यक्तिगत तथ्याङ्कको प्रयोगसम्बन्धी न्यूनतम मापदण्डहरु
  घ) स्वतन्त्र तथ्याङ्क संरक्षण निकायद्वारा अनुगमन
१०) इन्टरनेटमा शिक्षा र इन्टरनेटसम्बन्धी शिक्षाको अधिकार ............ २०
  क) इन्टरनेटमार्फत शिक्षा
  ख) इन्टरनेट र मानवअधिकारसम्बन्धी शिक्षा

## विषय सूची


११) इन्टरनेटमा संस्कृति र ज्ञानको पहुँचसम्बन्धी अधिकार ..... २०
क) समुदायको सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार
ख) भाषा र संस्कृतिको विविधता
ग) आफ्नै भाषा प्रयोग गर्ने अधिकार
घ) इजाजतपत्र र प्रतिलिपि अधिकारद्वारा ज्ञानमा पहुँचको बन्देजबाट स्वतन्त्रता
ङ) नलेज कमन्स र पब्लिक डोमेन
च) नि:शुल्क/खुला स्रोत सफ्टवेयर र खुला मापदण्ड
१२) बालबालिकाको अधिकार र इन्टरनेट ..... २२
क) इन्टरनेटबाट लाभ प्राप्त गर्ने अधिकार
ख) शोषण र बाल दुर्व्यवहारको छविबाट स्वतन्त्रता
ग) विचार सुनाउन पाउने अधिकार
घ) बालबालिकाको सर्वोत्तम हित
१३) अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र इन्टरनेट ..... २३
क) इन्टरनेटमा पहुँच
ख) इन्टरनेटको उपलब्धता र किफायतीपना
१४) कामको अधिकार र इन्टरनेट ..... २४
क) श्रमिकको अधिकारको सम्मान
ख) कार्यस्थलमा इन्टरनेट
ग) इन्टरनेटमा र इन्टरनेटमार्फत काम
१५) सार्वजनिक मामिलाहरूमा अनलाइन सहभागिताको अधिकार ..... २४
क) विद्युतीय सेवामा समान पहुँचको अधिकार
ख) विद्युतीय सरकारमा सहभागी हुने अधिकार
१६) इन्टरनेटमा उपभोक्ता संरक्षणको अधिकार ..... २५
१७) इन्टरनेटमा स्वास्थ्य र सामाजिक सेवाको अधिकार ..... २५
क) अनलाइन स्वास्थ्यसम्बन्धी सामग्रीमा पहुँच
१८) इन्टरनेटसँग सम्बन्धित कार्यहरूका लागि कानूनी उपचार र निष्पक्ष सुनुवाइको अधिकार ..... २५
क) कानूनी उपचारको अधिकार
ख) निष्पक्ष सुनुवाइको अधिकार
ग) उचित प्रकृयाको अधिकार
१९) इन्टरनेटको लागि उपयुक्त सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्थाको अधिकार ..... २६
क) मानवअधिकारका लागि इन्टरनेटको गभर्नेन्स
ख) इन्टरनेटमा बहुभाषिकता र बहुलवाद
ग) इन्टरनेट गभर्नेन्समा प्रभावकारी सहभागिता
२०) इन्टरनेटमा कर्तव्य र जिम्मेवारीहरु ..... २६
क) अन्य व्यक्तिको अधिकारको सम्मान
ख) सार्वजनिक अधिकारी तथा निकायको जिम्मेवारी
२१) सामान्य व्यवस्था ..... २७
क) बडापत्रका सबै अधिकारहरूको अन्तरनिर्भरता
ख) बडापत्रका अधिकारहरूको सीमितता
ग) बडापत्रको असीमित प्रकृति
घ) बडापत्रको अधिकार र स्वतन्त्रताको व्याख्या

# प्रस्तावना

इन्टरनेट मानिसको एक अर्कासँग सञ्चार गर्ने, भेटघाट गर्ने  र भेला हुने स्थानका रूपमा र व्यक्ति, समुदाय, संस्था तथा संगठनहरूका लागि मानव र समाजको प्रयासका सबै क्षेत्रमा सबै प्रकारका गतिविधिहरु पूरा गर्नको लागि आधारभूत सेवाको रूपमा रहेकाले;

सबै मानवअधिकार र मौलिक स्वतन्त्रता, लोकतन्त्र, विकास र सामाजिक न्यायलाई पूर्ण रूपमा अनुभूति गर्न इन्टरनेटको किफायती र ज्ञानमूलक पहुँच आधारभूत आवश्यकता भएकाले;

इन्टरनेटको गभर्नेन्स, यसको पूर्वाधार र प्रोटोकलदेखि यसको उपयोग र प्रयोगले सबै मानवअधिकार र मौलिक स्वतन्त्रता, लोकतन्त्र, विकास र सामाजिक न्यायको प्राप्तिमा प्रत्यक्ष प्रभाव पारेकाले;

सबै मानवअधिकार र मौलिक स्वतन्त्रताहरूको पूर्ण र विश्वव्यापी उपभोगका लागि इन्टरनेटमा पनि यी अधिकारहरूको प्रभावकारी कार्यान्वयन आवश्यक भएकोले;

स्थानीय र क्षेत्रीय विशेषताहरु एवम् विभिन्न ऐतिहासिक तथा सांस्कृतिक पृष्ठभूमिहरूको महत्त्वभन्दा बाहिर, विश्वव्यापी शब्दमा विभिन्न मानिसहरूको सुदृढ पारस्परिक ज्ञान, समझ र स्वीकार्यता अभिवृद्धि गर्न र कायम राख्नको लागि इन्टरनेटको विश्वव्यापी प्रकृति बहुमूल्य सम्पत्ति भएकाले;

मानवअधिकारको सार्वभौमिक, अविभाज्य, अन्तरनिर्भर र अन्तरसम्बन्धित प्रकृति  कुनै पनि राजनीतिक, आर्थिक र सांस्कृतिक प्रणालीको विशिष्टताहरु भन्दा महत्त्वपूर्ण भएकाले;

इन्टरनेट ऐतिहासिक रूपमा सार्वजनिक र निजी तवरले व्यवस्थित गरिएको ठाउँ भएको, डिजिटल वातावरणमा सबै मानवअधिकारहरूको परिपूर्ति र संरक्षणको लागि राज्य र समाजका अन्य सबै पक्षहरूले आ-आफ्नो क्षमताअनुरूप आफ्नो जिम्मेवारी पूरा गर्न आवश्यक भएकाले;

डिजिटल वातावरणमा विश्वव्यापी मानवअधिकार र स्वतन्त्रताहरु कसरी लागू हुन्छन् भन्ने साझा बुझाइ यस प्रतिज्ञाको पूर्ण कार्यान्वयनको लागि आवश्यक भएकाले;

हामीले **इन्टरनेटसँग सम्बन्धित मानवअधिकार र सिद्धान्त बडापत्र** इन्टरनेट वातावरणका सबै सरोकारवालाहरूका लागि उपलब्धिको साझा मापदण्डको रूपमा ल्याएका छौं। प्रत्येक व्यक्ति र समाजका प्रत्येक अंगले स्थानीय र विश्वव्यापी उपायहरूद्वारा यी अधिकार र स्वतन्त्रताहरूको सम्मान प्रवर्धन गर्ने र यसको सार्वभौमिकता र प्रभावकारी मान्यता एवं पालना सुरक्षित गर्ने कार्य गर्नेछन् ।

## संक्षिप्त नामहरूको सूची

**UDHR**
मानवअधिकारको विश्वव्यापी घोषणापत्र

**ICCPR**
नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र

**ICESCR**
आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र

**CRC**
बाल अधिकारसम्बन्धी महासन्धि

**CRPD**
अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि

# १) इन्टरनेटमा पहुँचको अधिकार

प्रत्येक व्यक्तिलाई इन्टरनेटमा पहुँच प्राप्त गर्ने र प्रयोग गर्ने अधिकार छ । यो अधिकार यस बडापत्रमा उल्लेख गरिएका अन्य सबै अधिकारहरूको आधारका रूपमा रहेको छ ।

अभिव्यक्ति स्वतन्त्रताको अधिकार, शिक्षाको अधिकार, शान्तिपूर्ण भेला हुने तथा संगठित हुने अधिकार, सरकारमा भाग लिने अधिकार, रोजगारीको अधिकार र आराम तथा फुर्सतको अधिकार लगायतका मानवअधिकारहरूको पूर्ण उपभोगका लागि इन्टरनेटको पहुँच र प्रयोग बढ्दो रूपमा अपरिहार्य बन्दै गएको छ । इन्टरनेटमा पहुँच र इन्टरनेटको प्रयोगको अधिकार इन्टरनेटको यी सबै मानवअधिकारहरूसँगको अभिन्न सम्बन्धबाट प्राप्त हुन्छ ।

इन्टरनेटमा पहुँच र इन्टरनेटको प्रयोगको अधिकार सबैका लागि सुनिश्चित गरिनेछ र उक्त अधिकारमा कानूनले तोकेबमजिमको अवस्था; लोकतान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, जनस्वास्थ्य, नैतिकता वा अन्य व्यक्तिको अधिकार र स्वतन्त्रता कायम गर्न आवश्यक पर्ने अवस्था; र यस बडापत्रमा उल्लिखित अन्य अधिकारहरूको प्रत्याभूत हुने अवस्थामा बाहेक कुनै प्रतिबन्ध लगाइने छैन ।

इन्टरनेटमा पहुँच र इन्टरनेट प्रयोगको अधिकारअन्तर्गत निम्न विषयहरु समावेश हुन्छन्:

## क) सेवाको गुणस्तर

मानिसले प्राप्त गर्नुपर्ने सेवाको गुणस्तरको पहुँच उन्नत प्रविधिगत सम्भावना अनुरूप विकसित हुनेछ ।

## ख) प्रणाली र सफ्टवेयर प्रयोगको छनौटमा स्वतन्त्रता

पहुँचअन्तर्गत प्रणाली, एप्लिकेसन तथा सफ्टवेयरहरूको प्रयोगको छनौट स्वतन्त्रता समावेश हुन्छ । यसलाई सहज बनाउन र अन्तरआबद्धता तथा नवप्रवर्तन कायम राख्न सञ्चार पूर्वाधार र प्रोटोकलहरु अन्तरसञ्चालन योग्य हुनुपर्छ र मापदण्डहरु खुला हुनुपर्छ ।

केन्द्रीकृत अनुमति र प्रमाणीकरण प्रक्रिया अवलम्बन नगरिकनै सामग्री, एप्लिकेसन र सेवाहरूमा नवप्रवर्तन गर्न सबैजना सक्षम हुनुपर्दछ ।

## ग) डिजिटल समावेशिताको सुनिश्चितता

डिजिटल समावेशीकरणका लागि सबै मानिसहरूको डिजिटल मिडिया, सञ्चार प्लेटफर्महरु र सूचना व्यवस्थापन तथा प्रशोधनका उपकरणहरूको दायरामा पहुँच र प्रभावकारी प्रयोग आवश्यक हुन्छ ।

यसका लागि स्व-व्यवस्थित र समुदायमा आधारित सुविधा र सेवाहरूलाई सक्रिय सहयोग उपलब्ध हुनेछ । टेलिसेन्टर, पुस्तकालय, सामुदायिक केन्द्र, क्लिनिक तथा विद्यालयहरूमा सार्वजनिक इन्टरनेट पहुँच विन्दुहरु उपलब्ध गराइनेछ । मोबाइल मिडियामार्फत इन्टरनेटमा पहुँचलाई पनि सहयोग गरिनेछ ।

## घ) नेट तटस्थता र नेट समानता

इन्टरनेट एक विश्वव्यापी साझा संसाधन हो । यो सूचना, सञ्चार र संस्कृतिको स्वतन्त्र, खुला, समान र भेदभावरहित आदानप्रदानको साधन बन्नको लागि यसको संरचनाको संरक्षण र प्रवर्द्धन गरिनुपर्छ । आर्थिक, सामाजिक, सांस्कृतिक वा राजनीतिक आधारमा कुनै पनि पक्ष वा विषयको लागि कुनै विशेष विशेषाधिकार वा अवरोधहरु हुनु हुंदैन । यसले इन्टर नेटमा र इन्टरनेटमार्फत समता र विविधता प्रवर्द्धन गर्न सकारात्मक विभेदलाई रोक्दैन ।

# २) इन्टरनेट पहुँच, प्रयोग र गभर्नेन्समा भेदभाव विरुद्धको अधिकार

मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा २ मा उल्लेख भएअनुरूप नै "प्रत्येक व्यक्तिलाई जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै पनि किसिमको भेदभाव बिना सबै अधिकार र स्वतन्त्रता हुनेछ" ।
यस बडापत्रमा उल्लिखित कुनै पनि व्यवस्थाले सीमान्तकृत व्यक्ति वा समूहहरूका लागि ठोस समानता सुनिश्चित गर्न गरिएको सकारात्मक विभेदमा रोक लगाउँछ भनी व्याख्या गरिनेछैन ।
इन्टरनेटमा सबै अधिकारको उपभोगमा भेदभाव विरूद्धको अधिकारअन्तर्गत निम्नलिखित विषयहरु समावेश हुन्छन् :

## क) पहुँचको समानता

समाजमा केही समूहहरूले प्रणालीगत रूपमै अन्यको तुलनामा इन्टरनेटमा पहुँच र त्यसको प्रभावकारी प्रयोगको लागि साधन र अवसरहरूमा सीमितता वा बन्देज भोग्नुपरेको छ । यसले इन्टरनेटले प्रवर्द्धन गर्ने मानवअधिकारको प्रयोग गर्ने उनीहरूको क्षमताको सन्दर्भमा वास्तविक भेदभाव सिर्जना गर्नसक्छ । तसर्थ पहुँच र प्रभावकारी प्रयोग बढाउने प्रयासहरूले यी असमानताहरूलाई पहिचान र सम्बोधन गर्नुपर्छ ।

## ख) सीमान्तकृत समूह

इन्टरनेट प्रयोगका सम्बन्धमा सबै मानिसहरूको विशिष्ठ आवश्यकताहरूलाई उनीहरूको मर्यादा, सामाजिक र सांस्कृतिक जीवनमा सहभागिता र मानवअधिकारको सम्मानसम्बन्धी हकको अंशका रूपमा सम्बोधन गरिनुपर्छ । ज्येष्ठ नागरिक, युवा, जातीय र भाषिक अल्पसंख्यक र आदिवासीहरु तथा अपाङ्गता भएका र सबै लैङ्गिकता र लैङ्गिक पहिचानका व्यक्तिलगायतका सीमान्तकृत समूहका आवश्यकताहरूमा विशेष ध्यान दिनुपर्छ ।

सबै हार्डवेयर, कोड, एप्लिकेसन र सामग्रीहरु सार्वभौमिक डिजाइन सिद्धान्तहरु प्रयोग गरी डिजाइन गरिनु पर्छ ताकि सबै मानिसहरूबाट अनुकूलन वा विशेष डिजाइनको आवश्यकता बिना त्यसको अधिकतम उपयोग होस् । यसअन्तर्गत धेरैवटा भाषा र लिपिहरूलाई समेट्न सक्नु पनि आवश्यक हुन्छ ।

## ग) लैङ्गिक समानता

महिला र पुरुषलाई इन्टरनेटमा पहुँच र इन्टरनेटको बारेमा जान्ने, परिभाषित गर्ने, पहुँच प्राप्त गर्ने, प्रयोग गर्ने र आकार दिने समान अधिकार छ ।

लैङ्गिक समानता सुनिश्चित गर्न इन्टरनेटको विकाससँग सम्बन्धित सबै क्षेत्रमा महिलाको पूर्ण सहभागिता हुनुपर्छ ।



# ३) इन्टरनेटमा स्वतन्त्रता र सुरक्षाको अधिकार

मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा ३ मा उल्लेख भएअनुरूप नै "प्रत्येक व्यक्तिलाई जीवनको स्वतन्त्रता र सुरक्षाको अधिकार हुनेछ" । सबै सुरक्षा उपायहरु अन्तर्राष्ट्रिय मानवअधिकार कानून र मापदण्डअनुरूप हुनुपर्छ । यसको अर्थ असाधारण परिस्थिति बाहेकको अवस्थामा अन्य मानवअधिकार (उदाहरणका लागि गोपनीयताको अधिकार वा अभिव्यक्ति स्वतन्त्रताको अधिकार) मा बन्देज लगाँउछन् भने ती सुरक्षा उपायहरु गैरकानूनी हुनेछन् । सबै बन्देजहरु सुस्पष्ट र संकीर्ण रूपमा परिभाषित हुनुपर्छ । सबै बन्देजहरु अन्तर्राष्ट्रिय कानूनअन्तर्गत मान्यता प्राप्त कुनै वास्तविक आवश्यकता पूरा गर्न न्यूनतम रूपमा आवश्यक हुनुपर्दछ र त्यस्तो आवश्यकतासँग समानुपातिक हुनुपर्छ । बन्देजहरूले प्रत्येक अधिकारको लागि निर्दिष्ट अतिरिक्त मापदण्डहरु पनि पूरा गर्नुपर्छ । यी कडा सीमाहरु विपरीत कुनै पनि किसिमको बन्देज लगाउन अनुमति छैन ।

इन्टरनेटमा जीवनको स्वतन्त्रता र सुरक्षाको अधिकारअन्तर्गत निम्न विषयहरु समावेश छन्:

## क) सबै स्वरूपका अपराधहरू विरुद्धको संरक्षण

प्रत्येक व्यक्तिलाई उत्पीडन, साइबर-स्टकिङ, मानव बेचबिखन एवं डिजिटल पहिचान र तथ्याङ्क दुरुपयोग लगायतका इन्टरनेटमा हुने वा इन्टरनेटको प्रयोगबाट हुने सबै स्वरूपका अपराधहरूबाट संरक्षण गरिनेछ ।

## ख) इन्टरनेटको सुरक्षा

प्रत्येक व्यक्तिलाई सुरक्षित तरिकाले इन्टरनेटमा जोडिने र इन्टरनेट प्रयोग गर्ने अधिकार छ । यसअन्तर्गत भाइरस, मालवेयर र फिसिङ जस्ता इन्टरनेटको प्राविधिक कार्यलाई बाधा दिने सेवा तथा प्रोटोकलहरूबाट पनि सुरक्षा समावेश हुन्छ ।

# ४) इन्टरनेटमार्फत विकासको अधिकार

मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) मा उल्लिखित सबै मानवअधिकारहरु पूर्ण रूपमा साकार हुनको लागि विकासको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (१९८६) मा मान्यता दिइएअनुसारको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक विकास आवश्यक हुन्छ । मानवअधिकारको पूर्ण अनुभूति हासिल गर्न, विशेषगरी गरिबी, भोक र रोगको उन्मूलन गर्न र लैङ्गिक समानता र महिला सशक्तिकरण प्रवर्द्धन गर्न इन्टर नेटको महत्त्वपूर्ण भूमिका रहेको छ ।

विकासको अधिकारअन्तर्गत इन्टरनेटसम्बन्धी सबै र यस बडापत्रमा उल्लेख गरिएका अधिकारहरूको पूर्ण उपभोग समावेश हुन्छ ।

विकासको अधिकारअन्तर्गत इन्टरनेटमा निम्न विषयहरु समावेश छन् :

## क) गरिबी न्यूनीकरण र मानव विकास

सूचना र सञ्चार प्रविधिहरूको डिजाइन, विकास र कार्यान्वयन दिगो मानव विकास र सशक्तिकरणमा योगदान पुर्याउने किसिमले गरिनेछ ।

## ख) वातावरणीय दिगोपन

इन्टरनेटको प्रयोग दिगो रूपमा गरिनु पर्छ । यो विद्युतीय फोहोर (ई-वेस्ट) व्यवस्थापन र वातावरण संरक्षणको लागि इन्टरनेटको प्रयोगसँग सम्बन्धित छ ।

# ५) इन्टरनेटमा अभिव्यक्ति र सूचनाको स्वतन्त्रता

मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा ३ मा उल्लेख भएअनुसार नै, “प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ । यस अधिकारअन्तर्गत बिना हस्तक्षेप आफ्ना विचारहरु राख्न पाउने स्वतन्त्रता, सिमानाको बन्देज बिना कुनै पनि माध्यममार्फत सूचना र विचारहरु प्राप्त गर्ने, खोज्ने तथा प्रसार गर्ने स्वतन्त्रता समेत समावेश छ” ।

नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) मा उल्लेख गरिएअनुसार, अभिव्यक्ति स्वतन्त्रताको अधिकार केही निश्चित बन्देजहरूको अधीनमा हुन सक्नेछ । तर त्यस्ता बन्देजहरु कानूनद्वारा व्यवस्था गरिएको र अरूको अधिकार वा प्रतिष्ठाको सम्मानको लागि वा राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था, वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षणको लागि आवश्यक परेको अवस्थामा मात्र लागू हुनेछन् । विचारको स्वतन्त्रताको अधिकारमा कुनै बन्देजहरु लगाउने छैन ।

कुनै पनि समाजमा अन्य मानवअधिकारहरु, लोकतन्त्र र मानव विकास लगायतका सामाजिक वस्तुहरूको उपभोगका लागि अभिव्यक्ति स्वतन्त्रता आवश्यक हुन्छ ।

अभिव्यक्ति र सूचनाको स्वतन्त्रताको अधिकारअन्तर्गत इन्टरनेटमा निम्न विषयहरु समावेश छन्:

## क) अनलाइन विरोधको स्वतन्त्रता

प्रत्येक व्यक्तिलाई अनलाइन र अफलाइन विरोधमा संगठित र संलग्न हुन इन्टरनेटको प्रयोग गर्ने अधिकार छ ।

## ख) पूर्वप्रतिबन्धबाट स्वतन्त्रता

प्रत्येक व्यक्तिलाई कुनै पनि स्वरूपको पूर्वप्रतिबन्धबिना इन्टरनेट प्रयोग गर्ने अधिकार हुन्छ । यसअन्तर्गत साइबर आक्रमणबाट स्वतन्त्रता र अनलाइन उत्पीडनबाट स्वतन्त्रता लगायत इन्टरनेट प्रयोगकर्ताहरूलाई धम्क्याउन वा अनलाइन अभिव्यक्ति निषेध गर्न अवलम्बन गरिएका कुनै पनि उपायहरूबाट स्वतन्त्रता समावेश छ ।

अनलाइन पूर्वप्रतिबन्धबाट स्वतन्त्रताअन्तर्गत इन्टरनेट अवरूद्ध पार्ने र छटनी गर्ने कार्य (ब्लकिङ्ग एण्ड फिल्टरीङ) बाट स्वतन्त्रता पनि समावेश हुन्छ । इन्टरनेट सामग्रीमा पहुँच रोक्ने लक्ष्य राखेका र अन्तिम-प्रयोगकर्ताबाट नियन्त्रित नभएका ब्लकिङ्ग एण्ड फिल्टरीङ प्रणालीहरु पूर्वप्रतिवन्धको एउटा स्वरूप हो र यसलाई न्यायोचित मान्न सकिँदैन ।

इन्टरनेट मध्यस्थकर्ताहरूलाई राज्य वा अन्य पक्षहरूले सामग्री हटाउन, लुकाउन वा अबरूद्ध गर्न वा इन्टरनेट प्रयोगकर्ताहरूको बारेमा जानकारी खुलाउन दबाब दिनु हुँदैन ।

## ग) सूचनाको हक

प्रत्येक व्यक्तिलाई इन्टरनेटमार्फत सूचना तथा जानकारीहरु खोज्ने, प्राप्त गर्ने र प्रवाह गर्ने अधिकार छ ।

सरकारी सूचनाको प्रभावकारी उपयोगका लागि उक्त सूचनामा सबैको पहुँचको अधिकार छ, जुन राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनअनुसार समयमै र पहुँचयोग्य रूपमा जारी गरिनु पर्छ ।

## घ) मिडिया स्वतन्त्रता

मिडिया स्वतन्त्रता र बहुलताको सम्मान गरिनेछ ।

## ङ) घृणास्पद अभिव्यक्तिबाट स्वतन्त्रता

अनलाइन र अफलाइन दुवैमा अरूको विचार तथा आस्थाको सम्मान गर्नुपर्छ । ICCPR को धारा २० अनुसार “भेदभाव, शत्रुता वा हिंसालाई उत्तेजित पार्ने राष्ट्रिय, जातीय वा धार्मिक घृणाको कुनै पनि वकालतलाई कानूनद्वारा निषेध गरिनेछ” ।

अभिव्यक्ति स्वतन्त्रताले अरूको मानवअधिकारमा गम्भीर चोट पुर्याउने स्थिति भएको आधारमा अभिव्यक्ति स्वतन्त्रताको हकमा केही निश्चित सीमाहरु लागू गर्न सकिन्छ । यद्यपि, यस्ता सीमाहरूको प्रयोग अमूर्त वा व्यक्तिपरक धारणा वा अवधारणाहरु वा संस्थाहरूलाई जोगाउनका लागि नभई व्यक्ति र मानिसका समूहहरूको संरक्षणका लागि गरिनुपर्छ ।

यस धाराअन्तर्गतका प्रतिबन्धहरूले माथि परिभाषित गरिएअनुसारको अभिव्यक्ति स्वतन्त्रता अधिकारउपरको सीमासम्बन्धी मापदण्डहरु पूरा गर्नुपर्छ ।

# ६) इन्टरनेटमा धर्म र आस्थाको स्वतन्त्रता

मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा १८ मा उल्लेख भएअनुसार नै "प्रत्येक व्यक्तिलाई विचार, सद्विवेक तथा धर्मको स्वतन्त्रताको अधिकार हुनेछ" । यस अधिकारअन्तर्गत आफूले रोजेको धर्म वा आस्था परिवर्तन गर्ने स्वतन्त्रता र व्यक्तिगत रूपमा वा अरूसँग मिलेर तथा सार्वजनिक वा निजी रूपमा पूजाआजा, नियम, अभ्यास तथा शिक्षणमा आफ्नो धर्म वा आस्था प्रकट गर्न पाउने स्वतन्त्रता समेत समावेश छ । गैरकानूनी रूपमा अन्य कुनै मानवअधिकार सीमित गर्न यो अधिकार प्रयोग गर्नु हुँदैन ।

# ७) अनलाइनमा भेला हुने र संगठित हुने स्वतन्त्रता

मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा २० मा उल्लेख भएअनुसार नै "प्रत्येक व्यक्तिलाई शान्तिपूर्वक सभा गर्ने र संगठनको स्वतन्त्रताको अधिकार छ । कुनै पनि व्यक्तिलाई कुनै पनि संगठनमा लाग्न बाध्य गराउन सकिने छैन" ।

इन्टरनेटमा भेला हुने र संगठित हुने स्वतन्त्रताको अधिकारअन्तर्गत निम्निलिखित विषय समावेश हुनेछन्ः

## क) इन्टरनेटमा भेला र संगठनमा सहभागिता

प्रत्येक व्यक्तिलाई कुनै पनि उद्देश्यका लागि भेला, समूह वा संगठनको वेबसाइट वा नेटवर्क तयार गर्ने, त्यसमा सहभागी हुने, भेट्ने वा भ्रमण गर्ने अधिकार छ ।

सूचना प्रविधि प्रयोग गरेर सम्मेलन र संगठनहरूमा पहुँच अवरूद्ध पारिनु वा फिल्टर गरिनु हुँदैन ।

# ८) इन्टरनेटमा गोपनीयताको अधिकार

मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा १२ मा उल्लेख भएअनुसार नै "कुनै पनि व्यक्तिको गोपनीयता, परिवार, घर वा पत्राचारमा स्वेच्छाचारी वा गैरकानूनी हस्तक्षेप गरिने छैन । प्रत्येक व्यक्तिलाई त्यस्तो हस्तक्षेप वा आक्रमण विरूद्ध कानूनी संरक्षणको अधिकार हुनेछ" ।

इन्टरनेटमा गोपनीयताको अधिकारअन्तर्गत निम्न विषयहरु समावेश हुन्छः

## क) गोपनीयतासम्बन्धी राष्ट्रिय कानून

राज्यले नागरिकको गोपनीयता र व्यक्तिगत तथ्याङ्कको सुरक्षाका लागि विस्तृत कानूनी ढाँचा स्थापना, लागू र कानूनी रूपमा कार्यान्वयन गर्नुपर्छ । त्यस्ता कानूनी ढाँचाहरु अन्तर्राष्ट्रिय मानवअधिकार र उपभोक्ता संरक्षण मापदण्डअनुरूप हुनुपर्छ र त्यसमा राज्य तथा निजी कम्पनीहरूद्वारा हुने गोपनीयताको उल्लङ्घनबाट सुरक्षाको व्यवस्था पनि समावेश गर्नुपर्छ ।

## ख) गोपनीयता नीति र सेटिङ

सबै सेवाहरूको गोपनीयता नीति र सेटिङहरु फेला पार्न सहज हुनुपर्छ र गोपनीयता सेटिङहरूको व्यवस्थापन विस्तृत र उपयोगिताको लागि अनुकूलित हुनुपर्छ ।

## ग) सूचना प्रविधि प्रणालीहरूको गोपनीयता र अखण्डता मापदण्ड

सूचना प्रविधि-प्रणालीहरूमा सहमति बिना हुने पहुँच विरूद्ध सुरक्षा प्रदान गर्दै गोपनीयताको अधिकारलाई सूचना प्रविधि-प्रणालीहरूको गोपनीयता र अखण्डताको मापदण्डहरूद्वारा सुरक्षित गरिनु पर्छ ।

## घ) भर्चुअल व्यक्तित्वको संरक्षण

सबैलाई भर्चुअल व्यक्तित्वको अधिकार छ । मानवीय व्यक्तिको भर्चुअल व्यक्तित्व, उदाहरणका लागि सूचना प्रणालीमा व्यक्तिगत पहिचान, अनतिक्रम्य हुन्छ । डिजिटल हस्ताक्षर, प्रयोगकर्ताको नाम, पासवर्ड, PIN र TAN कोडहरु जसको स्वामित्वमा छ उसको सहमति बिना अरूले प्रयोग वा परिवर्तन गर्नु हुंदैन ।

मानवीय व्यक्तिको भर्चुअल व्यक्तित्वलाई सम्मान गर्नुपर्छ । यद्यपि, भर्चुअल व्यक्तित्वको अधिकार अरूलाई हानि हुने गरी दुरुपयोग गर्नु हुंदैन ।

## ङ) अज्ञातता र इन्क्रिप्सन प्रयोग गर्ने अधिकार

प्रत्येक व्यक्तिलाई इन्टरनेटमा अज्ञात रूपमा सञ्चार गर्ने अधिकार छ ।

प्रत्येक व्यक्तिलाई सुरक्षित, निजी र अज्ञात सञ्चार सुनिश्चित गर्न इन्क्रिप्शन प्रविधि प्रयोग गर्ने अधिकार छ ।

## च) निगरानीबाट स्वतन्त्रता

प्रत्येक व्यक्तिलाई स्वेच्छाचारी निगरानी वा अन्तरावरोधन (इन्टरसेप्सन) (व्यवहार ट्र्याकिङ, प्रोफाइलिङ, र साइबर-स्टकिङ लगायतका), वा निगरानी वा अन्तरावरोधनको खतरा बिना सञ्चार गर्ने स्वतन्त्रता छ ।

निगरानीका लागि स्वीकृति दिने अनलाइन सेवाहरूमा पहुँचसम्बन्धी कुनै पनि सम्झौताले निगरानीको प्रकृतिलाई स्पष्ट रूपमा बताउनुपर्छ ।

## छ) मानहानिबाट स्वतन्त्रता

इन्टरनेटमा कसैले पनि आफ्नो इज्जत र प्रतिष्ठामा गैरकानूनी आक्रमणको भागिदार हुनुपर्ने छैन । प्रत्येक व्यक्तिलाई यस्तो हस्तक्षेप वा आक्रमण विरूद्ध कानूनी संरक्षणको अधिकार छ । यद्यपि प्रतिष्ठाको संरक्षणलाई अभिव्यक्तिको स्वतन्त्रता अधिकारमा बन्देज लगाउनका लागि अनुमति दिइएको सीमित घेराभन्दा बाहिर गई बहानाको रूपमा प्रयोग गर्नु हुंदैन ।

# ९) डिजिटल तथ्याङ्क संरक्षणको अधिकार

मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा १२ मा उल्लेख भएअनुसार प्रत्यक व्यक्तिलाई गोपनीयताको अधिकार छ । यस अधिकारको महत्त्वपूर्ण पाटो भनेको प्रत्येक व्यक्तिलाई आफूसँग सम्बन्धित व्यक्तिगत तथ्याङ्कको सुरक्षाको अधिकार हुनु हो ।

इन्टरनेटमा व्यक्तिगत तथ्याङ्कको संरक्षणको अधिकारअन्तर्गत निम्न विषयहरु समावेश हुन्छः

## क) व्यक्तिगत तथ्याङ्कको संरक्षण

व्यक्तिगत तथ्याङ्क सङ्कलन तथा प्रशोधन गर्ने कम्पनी एवं सरकारउपर दायित्व सिर्जना गर्न र व्यक्तिगत तथ्याङ्क सङ्कलन गरिएको व्यक्तिहरुलाई अधिकार प्रदान गर्न राष्ट्रिय कानूनअन्तर्गत निष्पक्ष सूचना अभ्यासहरु लागू गरिनुपर्छ ।

## ख) तथ्याङ्क सङ्कलनकर्ताको दायित्व

व्यक्तिगत तथ्याङ्कको सङ्कलन, प्रयोग, खुलासा र नियन्त्रण कार्यहरुमा पारदर्शी गोपनीयता-सुरक्षा मापदण्डहरु अवलम्बन गरिएको हुनुपर्छ ।

प्रत्येक व्यक्तिलाई आफ्नो बारेमा सङ्कलन गरिएको व्यक्तिगत तथ्याङ्क र त्यसको प्रयोगमा नियन्त्रणको अधिकार छ । व्यक्तिहरुबाट व्यक्तिगत तथ्याङ्क प्राप्त गर्न चाहने जो सुकैले पनि सो को विषयवस्तु, उद्देश्य, भण्डारण स्थान, अवधि र व्यक्तिगत तथ्याङ्कको पहुँच, पुनः प्राप्ति र भुलसुधार संयन्त्रका सम्बन्धमा व्यक्तिको सुसूचित सहमतिका लागि अनुरोध गर्नेछ ।

प्रत्येक व्यक्तिलाई आफ्नो बारेमा सङ्कलन गरिएका व्यक्तिगत तथ्याङ्क पहुँच, पुनःप्राप्ति र मेटाउने अधिकार छ ।

## ग) व्यक्तिगत तथ्याङ्कको प्रयोगसम्बन्धी न्यूनतम मापदण्ड

व्यक्तिगत जानकारी आवश्यक परेको अवस्थामा न्यूनतम आवश्यक तथ्याङ्क मात्र र न्यूनतम आवश्यक अवधिको लागि मात्र सङ्कलन गर्नुपर्दछ ।

जुन उद्देश्यका लागि तथ्याङ्क सङ्कलन गरिएको थियो सो उद्देश्यको लागि उक्त तथ्याङ्क आवश्यक नभएपछि मेटाइनु पर्छ ।

तथ्याङ्क सङ्कलनकर्ताहरुलाई जसको जानकारी लिने हो सो व्यक्तिसँग सक्रिय सहमति माग्ने र उनीहरुको जानकारी तेस्रो पक्षलाई पठाइएको, दुरुपयोग भएको, हराएको वा चोरी भएको वेला सूचित गर्ने दायित्व हुन्छ ।

स्वचालित डेटा फाइलहरुमा भण्डारण गरिएको व्यक्तिगत तथ्याङ्कको आकस्मिक वा अनधिकृत विनाश वा आकस्मिक क्षतिका साथसाथै अनधिकृत पहुँच, परिवर्तन वा प्रसारबाट सुरक्षाको लागि उपयुक्त सुरक्षा उपायहरु अपनाइनेछ ।

## घ) स्वतन्त्र तथ्याङ्क संरक्षण निकायद्वारा अनुगमन

पारदर्शी रुपमा र व्यावसायिक लाभ वा राजनीतिक प्रभाव बिना काम गर्ने स्वतन्त्र तथ्याङ्क संरक्षण निकायबाट तथ्याङ्क संरक्षणको अनुगमन गरिनुपर्छ ।

# १०) इन्टरनेटमा शिक्षा र इन्टरनेटसम्बन्धी शिक्षाको अधिकार

मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा १२ मा उल्लेख भएअनुसार, "प्रत्येक व्यक्तिलाई शिक्षाको अधिकार छ" । प्रत्येक व्यक्तिलाई इन्टरनेटको बारेमा शिक्षित हुने र शिक्षाको लागि इन्टरनेट प्रयोग गर्ने अधिकार छ ।

इन्टरनेटमा शिक्षाको अधिकारअन्तर्गत निम्न विषयहरु समावेश छन्ः

## क) इन्टरनेटमार्फत शिक्षा

भर्चुअल सिकाइ वातावरण र अन्य प्रकारका मल्टिमिडिया, सिकाइ र शिक्षण प्लेटफर्महरूले भाषा, सिकाइ विधि र ज्ञान-परम्पराको सन्दर्भमा स्थानीय र क्षेत्रीय भिन्नताहरूलाई ध्यानमा राख्नुपर्छ ।

प्रकाशन, अनुसन्धान, पाठ्यपुस्तक, पाठ्य सामग्री र अन्य प्रकारका सिकाइ सामग्रीहरूलाई स्वतन्त्र रूपमा प्रयोग गर्ने, प्रतिलिपि गर्ने, पुनः प्रयोग गर्ने, अनुकूलन गर्ने, अनुवाद गर्ने र पुनः वितरण गर्ने अधिकारसहित खुला शैक्षिक स्रोतका रूपमा प्रकाशित गरिनेछ ।

सामाजिक विकासका लागि इन्टरनेटको प्रयोगसम्बन्धी निःशुल्क वा कम लागतको तालिम अवसर, विधि र सामग्रीको प्रवर्धन गरिनेछ ।

## ख) इन्टरनेट र मानवअधिकार शिक्षा

प्रत्येक व्यक्ति इन्टरनेटको बारेमा शिक्षित हुनुपर्छ ।

इन्टरनेटसम्बन्धी शिक्षाअन्तर्गत अनलाइन र अफलाइन मानवअधिकार प्रतिको चेतना र सम्मान अभिवृद्धिको विषय समावेश हुनेछ ।

डिजिटल साक्षरता शिक्षाको प्रमुख अंग हुनेछ । ज्ञान र सीपले मानिसहरूलाई उनीहरूको आवश्यकता पूरा गर्न सक्ने तरिकाबाट इन्टरनेट प्रयोग गर्न र इन्टर नेटलाई आकार दिन सक्षम बनाउँछ ।

# ११) इन्टरनेटमा संस्कृति र ज्ञानको पहुँचसम्बन्धी अधिकार

मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा २७ मा उल्लेख भएअनुसार, "प्रत्येक व्यक्तिलाई समुदायको सांस्कृतिक जीवनमा स्वतन्त्र रूपले सहभागी हुने, कला उपयोग गर्ने र वैज्ञानिक प्रगति तथा सोको उपयोगको फाइदा उपभोग गर्ने अधिकार हुनेछ" ।

साथै धारा २७ मा नै उल्लेख भएअनुसार, "प्रत्येक व्यक्तिलाई आफू लेखक भएको कुनै पनि वैज्ञानिक, साहित्यिक वा कलात्मक उत्पादनबाट उत्पन्न हुने नैतिक र भौतिक हितहरूको संरक्षणबाट फाइदा पाउने अधिकार हुनेछ" ।

बौद्धिक सम्पत्ति सामाजिक उत्पादन हो र यसको सामाजिक उद्देश्य हुन्छ । तसर्थ, बौद्धिक सम्पत्ति संरक्षणले सर्जकको अधिकारलाई सार्वजनिक हितसँग सन्तुलनमा राख्नुपर्छ । प्रतिलिपि अधिकार व्यवस्थाहरूले ज्ञान र संस्कृतिमा सार्वजनिक पहुँच पुर्याउन सहयोग गर्ने इन्टरनेटको क्षमतालाई गैरअनुपातिक रूपमा सीमित गर्नु हुँदैन ।

इन्टरनेटमा, स्वतन्त्र रूपमा संस्कृतिमा भाग लिने अधिकारअन्तर्गत निम्न विषयहरु समावेश छन् :

## क) समुदायको सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार

प्रत्येक व्यक्तिलाई ज्ञान, सूचना र अनुसन्धानमा पहुँचको लागि इन्टरनेट प्रयोग गर्ने अधिकार छ । प्रत्येक व्यक्तिलाई उत्पीडन वा बन्देज बिना सार्वजनिक महत्त्वको सूचनामा पहुँच राख्ने र प्रवाह गर्ने स्वतन्त्रता छ ।

प्रत्येक व्यक्तिलाई विगतको ज्ञान र उपकरणको प्रयोग गरी भविष्यको व्यक्तिगत र सामूहिक ज्ञान अभिवृद्धि गर्ने अधिकार छ ।

## ख) भाषा र संस्कृतिको विविधता

गुणस्तरीय र विविधतापूर्ण जानकारीका साथै विभिन्न सांस्कृतिक सामग्रीमा पहुँच लगायतको इन्टरनेटको सार्वजनिक सेवा महत्त्वलाई संरक्षण गरिनेछ ।

इन्टरनेटले संस्कृति र भाषाहरूको विविधतालाई आवरण र कार्यक्षमताको सन्दर्भमा प्रतिनिधित्व गर्नेछ ।

इन्टरनेटमा सांस्कृतिक र भाषिक विविधता सबै रूपहरू (पाठ, छवि र ध्वनि आदि) मा लागू हुनुपर्छ ।

इन्टरनेटमा विविधता प्रवर्द्धन गर्न प्राविधिक विकास र नवप्रवर्तनलाई प्रवर्द्धन गरिनेछ ।

आदिवासी ज्ञानको अनलाइन संरक्षण र प्रवर्द्धन गरिनेछ ।

## ग) आफ्नै भाषा प्रयोग गर्ने अधिकार

सबै व्यक्ति र समुदायलाई इन्टरनेटमार्फत सूचना र ज्ञान सिर्जना गर्न, प्रसार गर्न र प्रवाह गर्न आफ्नै भाषा प्रयोग गर्ने अधिकार छ ।

अल्पसंख्यक भाषाहरूको पहुँच प्रवर्द्धन गर्न विशेष ध्यान दिइनेछ । यसअन्तर्गत अल्पसंख्यक भाषा तथा लिपिहरूमा डोमेन नाम, सफ्टवेयर, सेवा तथा सामग्रीमा पहुँच प्राप्त गर्न र प्रयोग गर्न आवश्यक प्रविधि र सामग्री प्रवर्द्धनको विषय पनि समावेश हुन्छ ।

## घ) इजाजतपत्र र प्रतिलिपि अधिकारद्वारा ज्ञानमा पहुँचको बन्देजबाट स्वतन्त्रता

सर्जकहरूलाई आफ्नो काम र आविष्कारहरूको लागि पारिश्रमिक र श्रेय पाउने अधिकार छ । तथापि यसो गर्दा थप नवप्रवर्तन वा सार्वजनिक र शैक्षिक ज्ञान तथा स्रोतमाथिको पहुँचमा बन्देज नलाग्ने उपाय अवलम्बन गरिनु पर्छ ।

सामग्रीको इजाजत व्यवस्था र प्रतिलिपि अधिकारले ज्ञान सिर्जना गर्न, प्रवाह गर्न, प्रयोग गर्न र परिष्कृत गर्न अनुमति दिनुपर्छ । अनुमति प्रदान गर्ने इजाजतपत्र मोडेलहरू प्रयोग गरिनेछ ।

व्यक्तिगत र कक्षाकोठामा प्रयोग, ढाँचा रूपान्तरण, पुस्तकालयबाट सापटी, समीक्षा, आलोचना, व्यंग्य, अनुसन्धान तथा नमूनाका लागि प्रतिलिपि गर्ने लगायतका अन्तर्राष्ट्रिय रूपमा स्वीकृत प्रतिलिपि अधिकारको 'उचित प्रयोग' अपवाद र सीमाहरूको प्रयोग गरिनुपर्छ । 'उचित प्रयोग' अपवादमा रोक लगाउने उपायहरूमा बन्देज लगाइनु पर्छ ।

## ङ) नलेज कमन्स र पब्लिक डोमेन

सार्वजनिक वित्तीय स्रोत उपयोगबाट सम्पन्न अनुसन्धान र बौद्धिक तथा सांस्कृतिक कार्यहरू सम्भव भएसम्म सर्वसाधारणलाई निःशुल्क रूपमा उपलब्ध गराइनुपर्छ ।

## च) निःशुल्क/खुला स्रोत सफ्टवेयर र खुला मापदण्ड

खुला मापदण्ड र खुला ढाँचाहरू उपलब्ध गराइनुपर्छ ।

सार्वजनिक तथा शैक्षिक संस्था र सेवाहरूमा निःशुल्क र खुला स्रोत सफ्टवेयर (FOSS) प्रयोग, प्रवर्द्धन र कार्यान्वयन गरिनुपर्छ ।

निःशुल्क समाधान वा खुला मापदण्डहरू उपलब्ध नभएको अवस्थामा आवश्यक सफ्टवेयर विकास गर्ने कार्यहरू प्रवर्द्धन गरिनेछ ।

# १२)बालबालिकाको अधिकार र इन्टरनेट

बालबालिकाहरु यस बडापत्रमा उल्लिखित सबै अधिकारका हकदार छन् । यसबाहेक, मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा २५ मा उल्लेख भएअनुसार वाल्यावस्थामा “विशेष स्याहार र सहायता पाउने अधिकार हुन्छ” । त्यसैगरी बाल अधिकारसम्बन्धी महासन्धि (CRC) को धारा ५ मा उल्लेख भएअनुसार बालबालिकाहरु आफ्नो “विकासशील क्षमता” को लागि सम्मानको हकदार छन् ।

इन्टरनेटको सन्दर्भमा यसको अर्थ बालबालिकाहरूलाई इन्टरनेट प्रयोग गर्ने स्वतन्त्रता दिइनु पर्छ, र इन्टर नेटसँग सम्बन्धित जोखिमहरूबाट उनीहरूलाई संरक्षण पनि गरिनुपर्छ भन्ने दुवै हो । यी प्राथमिकताहरु बीचको सन्तुलन बालबालिकाको क्षमतामा निर्भर गर्दछ । राज्यले बालकलाई उसको विकासशील क्षमताहरूको लागि उपयुक्त मार्गदर्शन प्रदान गर्ने आमाबाबु र विस्तारित परिवारको अधिकार र जिम्मेवारीको सम्मान गर्नुपर्दछ ।

इन्टरनेटमा विशेष स्याहार र सहायता एवं बालबालिकाको विकासशील क्षमताको लागि सम्मानको अधिकारअन्तर्गत निम्न विषयहरु समावेश छन् :

## क) इन्टरनेटबाट लाभ प्राप्त गर्ने अधिकार

बालबालिकाहरु आफ्नो उमेरअनुसार इन्टरनेटबाट फाइदा लिन सक्षम हुनुपर्छ । बालबालिकालाई उनीहरूको नागरिक, राजनीतिक, आर्थिक, सांस्कृतिक र सामाजिक अधिकार प्रयोग गर्न इन्टरनेट प्रयोग गर्ने अवसर हुनुपर्छ । यसअन्तर्गत स्वास्थ्य, शिक्षा, गोपनीयता, सूचनामा पहुँच, अभिव्यक्ति स्वतन्त्रता र संगठित हुने स्वतन्त्रता समावेश छन् ।

## ख) शोषण र बाल दुर्व्यवहारको छविबाट स्वतन्त्रता

बालबालिकालाई यौनजन्य वा अन्य प्रकारका शोषणबाट मुक्त सुरक्षित वातावरणमा हुर्कन र विकसित हुन पाउने अधिकार छ । त्यसैले बेचबिखन र बाल दुर्व्यवहार छवि लगायतबाट बालबालिकाको अधिकार उल्लङ्घन गर्न इन्टरनेटको प्रयोगलाई रोक्नका लागि कदम चालिनुपर्छ । यद्यपि, यस्ता उपायहरु संकुचित र समानुपातिक रूपमा लक्षित हुनुपर्छ । अवलम्बन गरिएका उपायहरूले अनलाइनमा सूचनाको स्वतन्त्र प्रवाहमा पार्ने प्रभावलाई पनि उचित रूपमा ध्यान दिइनुपर्छ ।

## ग) विचार सुनाउन पाउने अधिकार

आफ्नो धारणा आफै निर्माण गर्न सक्षम बालबालिकाहरूलाई उनीहरूलाई असर गर्ने सबै इन्टरनेट नीति मामिलाहरूमा आफ्नो धारणा अभिव्यक्त गर्ने अधिकार छ र उनीहरूको विचारलाई उनीहरूको उमेर र परिपक्वताअनुसार उचित वजन दिइनेछ ।

## घ) बालबालिकाको सर्वोत्तम हित

बाल अधिकारसम्बन्धी महासन्धि CRC को धारा ३ मा उल्लेख भएअनुसार, “सार्वजनिक वा निजी सामाजिक कल्याणकारी संस्थाहरु, अदालतहरु, प्रशासनिक अधिकारीहरु वा विधायिकी निकायहरूद्वारा गरिएका बालबालिकासम्बन्धी सबै कार्यहरूमा बालबालिकाको सर्वोत्तम हित प्राथमिक आधारका रूपमा रहनेछ” ।

# १३)अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र इन्टरनेट

अपाङ्गता भएका व्यक्तिहरु यस बडापत्रमा उल्लिखित सबै अधिकारका हकदार हुन् । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (CRPD) को धारा ४ मा उल्लेख भएअनुसार, "राज्य पक्षहरूले अपाङ्गताको आधारमा कुनै पनि प्रकारको भेदभाव बिना अपाङ्गता भएका सबै व्यक्तिहरूका लागि सबै मानवअधिकार र मौलिक स्वतन्त्रताहरूको पूर्ण प्राप्ति सुनिश्चित गर्ने र प्रवर्द्धन गर्ने प्रतिबद्धता जनाएका छन् ।"

अपाङ्गता भएका व्यक्तिहरूलाई सबै मानवअधिकार र मौलिक स्वतन्त्रताहरु पूर्ण रूपमा उपभोग गर्न सक्षम बनाउन इन्टरनेट महत्त्वपूर्ण छ । इन्टरनेट पहुँचयोग्य, उपलब्ध र किफायती छ भन्ने सुनिश्चित गर्न विशेष उपायहरु अपनाइनु पर्छ ।

इन्टरनेटमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारअन्तर्गत निम्न विषयहरु समावेश छन् :

## क) इन्टरनेटमा पहुँच

अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्ति सरह इन्टरनेटमा पहुँचको अधिकार छ ।

पहुँचसम्बन्धी न्यूनतम मापदण्ड र दिशानिर्देशहरूको विकास, घोषणा र अनुगमन; अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्ने पहुँचसँग सम्बन्धित समस्याहरूमा तालिमको व्यवस्था र अपाङ्गता भएका व्यक्तिहरूको सूचनामा पहुँच सुनिश्चित गर्न अन्य उपयुक्त किसिमका सहयोगका माध्मयबाट यस्तो पहुँच प्रवर्द्धन गरिनुपर्छ ।

## ख) इन्टरनेटको उपलब्धता र किफायतीपन

अपाङ्गता भएका व्यक्तिहरूमा इन्टरनेटको उपलब्धता र प्रभावकारी प्रयोग सुनिश्चित गर्नका लागि आवश्यक कदम चालिनु पर्छ ।

अपाङ्गता भएका व्यक्तिहरूका लागि उपयुक्त ढाँचामा सूचना र सञ्चार प्रविधिको उपलब्धता प्रवर्द्धन गर्न अनुसन्धान र विकास गरिनुपर्छ । वहनयोग्य लागतमा प्रविधिको विकासलाई प्राथमिकता दिइनुपर्छ ।

अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोगी प्रविधिहरूका साथै अन्य प्रकारका सहायता, सहयोग, सेवा र सुविधाहरूका बारेमा पहुँचयोग्य जानकारीको अधिकार छ ।

## अन्य जानकारीका लागि

## हाम्रो वेबसाइटमा हेर्नुहोस्

internetrightsandprinciples.org

# १४)कामको अधिकार र इन्टरनेट

मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा २५ मा उल्लेख भएअनुसार, “प्रत्येक व्यक्तिलाई कामको अधिकार छ” ।

इन्टरनेटमा कामको अधिकारअन्तर्गत निम्न विषयहरु समावेश हुन्छः

## क) श्रमिकको अधिकारको सम्मान

प्रत्येक व्यक्तिलाई ट्रेड युनियनहरु गठन गर्न लगायत आफ्नो हित प्रवर्द्धन गर्न र स्वतन्त्र रुपमा निर्वाचित प्रतिनिधिमूलक निकायहरुमा सम्मिलित हुन इन्टरनेट प्रयोग गर्ने अधिकार छ ।

## ख) कार्यस्थलमा इन्टरनेट

कामदार र कर्मचारीहरुलाई उनीहरुको कार्यस्थलमा उपलब्धताअनुसार इन्टरनेटमा पहुँच उपलब्ध हुनेछ ।

कार्यस्थलमा इन्टरनेट प्रयोगसम्बन्धी कुनै पनि बन्देजका बारेमा कर्मचारी वा संगठनात्मक नीतिहरुमा स्पष्ट रुपमा उल्लेख गरिएको हुनुपर्छ ।

कर्मचारीहरुको इन्टरनेट प्रयोगको निगरानीसम्बन्धी शर्त तथा बन्देजहरु कार्यस्थल नीतिहरुमा स्पष्ट रुपमा उल्लेख गरीएको र तथ्याङ्क संरक्षणको अधिकारअनुरुप हुनुपर्छ ।

## ग) इन्टरनेटमा र इन्टरनेटमार्फत काम

सबै मानिसलाई रोजगारी खोज्ने र इन्टरनेटमा वा इन्टरनेटमार्फत काम गर्ने अधिकार हुनेछ ।

# १५)सार्वजनिक मामिलाहरूमा अनलाइन सहभागिताको अधिकार

मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा २५ मा उल्लेख भएअनुसार, “प्रत्येक व्यक्तिलाई प्रत्यक्ष वा स्वतन्त्र रुपमा चुनिएका प्रतिनिधिहरुमार्फत आफ्नो देशको सरकारमा भाग लिन पाउने अधिकार छ” ।

आफ्नो देशको सरकारमा भाग लिने अधिकारअन्तर्गत इन्टरनेटमा निम्न विषयहरु समावेश छन् :

## क) विद्युतीय सेवामा समान पहुँचको अधिकार

UDHR को धारा २१ ले “प्रत्येक व्यक्तिलाई आफ्नो देशको सार्वजनिक सेवामा समान पहुँच पाउने अधिकार छ” भन्ने पनि उल्लेख गरेको छ । प्रत्येक व्यक्तिलाई आफ्नो देशको विद्युतीय सेवाहरुमा समान पहुँच पाउने अधिकार छ ।

## ख) विद्युतीय सरकारमा सहभागी हुने अधिकार

विद्युतीय सरकार उपलब्ध भएको स्थानमा प्रत्येक व्यक्तिलाई सहभागी हुने अधिकार हुनुपर्छ ।

# १६)इन्टरनेटमा उपभोक्ता संरक्षणको अधिकार

प्रत्येक व्यक्तिले इन्टरनेटमा उपभोक्ता संरक्षणका सिद्धान्तहरूको सम्मान, संरक्षण र पालना गर्नुपर्छ ।

उपभोक्ताहरूले गैर-विद्युतीय कारोबारमा प्राप्त गरे सरहको संरक्षण विद्युतीय कारोबारमा पनि प्राप्त गर्ने सुनिश्चित गर्न ई-कमर्शलाई नियमन गरिनुपर्छ ।

# १७) इन्टरनेटमा स्वास्थ्य र सामाजिक सेवाको अधिकार

मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा २५ मा उल्लेख भएअनुसार, "प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरूलगायत पर्याप्त जीवनस्तरको अधिकार तथा वेरोजगारी, बिरामी, अशक्तता, विधवा, बुढेसकाल वा आफ्नो काबू बाहिरका परिस्थितिहरूमा जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार छ" ।

इन्टरनेटमा स्वास्थ्यको लागि पर्याप्त जीवनस्तरको अधिकारअन्तर्गत निम्न अधिकार समावेश छ :

## क) स्वास्थ्यसम्बन्धी सामग्रीमा अनलाइन पहुँच

प्रत्येक व्यक्तिलाई इन्टरनेटमा स्वास्थ्यसम्बन्धी र सामाजिक सेवाहरूमा पहुँच हुनेछ ।

# १८)इन्टरनेटसँग सम्बन्धित कार्यहरूको लागि कानूनी उपचार र निष्पक्ष सुनुवाइको अधिकार

## क) कानुनी उपचारको अधिकार

मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा ८ मा उल्लेख भएअनुसार, "प्रत्येक व्यक्तिलाई संविधान वा कानूनद्वारा प्रदत्त मौलिक अधिकारहरूको उल्लंघन गर्ने कार्यहरु विरूद्ध सक्षम राष्ट्रिय न्यायाधिकरणहरूबाट प्रभावकारी उपचार पाउने अधिकार हुनेछ" ।

## ख) निष्पक्ष सुनुवाइको अधिकार

मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा ८ मा उल्लेख भएअनुसार, "कुनै पनि व्यक्तिउपर लगाइएको फौजदारी अभियोगको र निजको अधिकार तथा दायित्वको निरोपण गर्दा स्वतन्त्र र सक्षम न्यायाधिकरणबाट निष्पक्ष र सार्वजनिक सुनुवाइ गरी पाउने पूर्ण समानताको हक त्यस्तो व्यक्तिलाई हुनेछ" ।

फौजदारी सुनुवाइका क्रममा मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा ९ – ११ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) को धारा ९, १४ – १६ का साथै अन्य प्रासंगिक दस्तावेजद्वारा परिभाषित निष्पक्ष सुनुवाइका मापदण्डहरूको पालना गर्नुपर्छ ।

इन्टरनेट वातावरणमा निष्पक्ष सुनुवाइ र प्रभावकारी उपचारको अधिकार उल्लङ्घन हुने बढ्दो क्रम सामान्य देखिन थालेको छ । उदाहरणका लागि, इन्टरनेट मध्यस्थ कम्पनीहरूलाई कुनै सामग्री गैरकानूनी छ कि छैन भनेर निर्णय गर्न लगाइएको र अदालतको आदेश बिना सामग्री हटाउन प्रोत्साहन गरिएको छ । यसैले पुनः उल्लेख गरिनु आवश्यक छ कि अफलाइनमा जसरी नै इन्टरनेटमा पनि कार्यविधिगत अधिकारहरूको सम्मान, संरक्षण र परिपालना गरिनुपर्छ ।

## ग) उचित प्रक्रियाको अधिकार

प्रत्येक व्यक्तिलाई इन्टरनेटसम्बन्धी कुनै पनि कानूनी दावी वा कानूनको सम्भावित उल्लङ्घनका सम्बन्धमा उचित प्रक्रियाको अधिकार छ ।

## १९) इन्टरनेटको लागि उपयुक्त सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्थाको अधिकार

मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा २८ मा उल्लेख भएअनुसार, "प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताहरु पूर्ण रूपले प्राप्त गर्न सकिने सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्थाको अधिकार छ" ।

इन्टरनेटमा उपयुक्त सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्थाको अधिकारअन्तर्गत निम्न विषयहरु समावेश हुन्छन्:

### क) मानवअधिकारको लागि इन्टर नेटको गभर्नेन्स

इन्टरनेट र सञ्चार प्रणालीलाई यथासम्भव मानवअधिकारको पूर्ण रूपमा संरक्षण र विस्तार गर्ने कुरा सुनिश्चित हुने किसिमबाट व्यवस्थित गरिनुपर्छ ।

इन्टरनेट गभर्नेन्स खुलापन, समावेशीता र जवाफदेहिताका सिद्धान्तहरुद्वारा सञ्चालित हुनुपर्छ र यसको अभ्यास पारदर्शी र बहुपक्षीय तवरमा हुनुपर्छ ।

### ख) इन्टरनेटमा बहुभाषिकता र बहुलवाद

सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्थाको रूपमा इन्टर नेटले बहुभाषिकता, बहुलवाद र सांस्कृतिक जीवनका विजातीय स्वरूपका सिद्धान्तहरूलाई रूप र सार दुवैमा समावेश गर्नेछ ।

### ग) इन्टरनेट गभर्नेन्समा प्रभावकारी सहभागिता

प्रत्येक व्यक्तिलाई इन्टरनेटको गभर्नेन्समा सहभागी हुने अधिकार छ ।

नीति वा निर्णयबाट प्रभावित सबैको हितलाई गभर्नेन्स प्रक्रियामा प्रतिनिधित्व गराइनेछ, जसले सबैलाई यसको विकासमा सहभागी हुन सक्षम बनाउँछ ।

विश्वव्यापी, क्षेत्रीय र राष्ट्रिय निर्णय प्रक्रियामा सबैको र विशेष गरी पिछडिएका समूहहरूको पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गरिनुपर्छ ।

## २०) इन्टरनेटमा कर्तव्य र जिम्मेवारीहरू

मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा २९ मा उल्लेख भएअनुसार, "प्रत्येक व्यक्तिको समुदाय प्रति कर्तव्य रहेको हुन्छ जहाँ निजको व्यक्तित्वको स्वतन्त्र र पूर्ण विकास संभव छ" ।

इन्टरनेटमा प्रत्येक व्यक्तिको समुदायप्रतिको कर्तव्यअन्तर्गत निम्न विषयहरु समावेश छन् :

### क) अन्य व्यक्तिको अधिकारको सम्मान

अनलाइन वातावरणमा सबै व्यक्तिहरूको अधिकारको सम्मान गर्नु सबैको कर्तव्य र जिम्मेवारी हो ।

### ख) सार्वजनिक अधिकारी तथा निकायको जिम्मेवारी

सार्वजनिक अधिकारी तथा निकायहरूले आफ्नो शक्ति जिम्मेवारीपूर्वक प्रयोग गर्नुपर्दछ, मानवअधिकार उल्लङ्घनमा संलग्न हुनुहुँदैन र यथासम्भव पूर्ण रूपमा मानवअधिकारको सम्मान, संरक्षण र परिपालन गर्नुपर्छ ।

# २१) सामान्य व्यवस्था

## क) बडापत्रका सबै अधिकारहरूको अन्तरनिर्भरता

यस बडापत्रमा निहित सबै अधिकारहरु एकअर्कामा निर्भर र पारस्परिक रूपमा सुदृढ छन् ।

## ख) बडापत्रका अधिकारहरूको सीमितता

यस बडापत्रमा निहित अधिकारहरूलाई सीमित गर्ने कुनै पनि उपायहरु असाधारण परिस्थितिहरूमा बाहेक अवैध हुनेछन् । सबै बन्देजहरु निर्दिष्ट हुनुपर्छ र संकीर्ण रूपमा परिभाषित हुनुपर्छ । सबै बन्देजहरु अन्तर्राष्ट्रिय कानूनअन्तर्गत कानूनी रूपमा मान्यता प्राप्त कुनै वास्तविक आवश्यकता पूरा गर्न न्यूनतम रूपमा आवश्यक हुनुपर्दछ । बन्देजहरूले प्रत्येक अधिकारको लागि निर्दिष्ट अतिरिक्त मापदण्डहरु पनि पूरा गर्नुपर्छ । यी कडा सीमाहरु उल्लंघन हुने गरी बन्देज लगाउने अनुमति छैन ।

## ग) बडापत्रको असीमित प्रकृति

कुनै निश्चित अधिकारहरु र सिद्धान्तहरु यस बडापत्रमा समावेश गरिएका छैनन् वा विस्तृत रूपमा विकास गरिएको छैन भन्ने तथ्यले त्यस्ता अधिकार र सिद्धान्तहरूको अस्तित्वलाई इन्कार गर्दैन ।

## घ) बडापत्रको अधिकार र स्वतन्त्रताको व्याख्या

यस बडापत्रमा उल्लिखित कुनै पनि कुराले कुनै पनि राज्य, समूह वा व्यक्तिलाई यहाँ उल्लिखित अधिकार र स्वतन्त्रताहरूको हनन गर्ने उद्देश्यले कुनै पनि गतिविधिमा संलग्न हुने वा कार्य गर्ने कुनै पनि अधिकार भएको रूपमा व्याख्या गर्न मिल्दैन ।

## Selected Research Literature and Commentaries


Al-Radhi Alaadin, Abadpour Arash, Btayneh Fahd, Petrossians Fred Andon, Dammak Rafik, and Omran Mohamed, 2013, *The Quest for an Open Internet in the Middle East and Northern Africa, Humanist Institute for Cooperation with Developing Countries* (Hivos).

Association of Progressive Communications, 2012, *Going Visible: Women's Rights On The Internet*, APC-Women's Rights Programme Report to Addressing Inequalities: The Heart of the Post-2015 Development Agenda and the Future We Want for All, Global Thematic Consultation, UN Women/Unicef, 16th November, 2012.

Association of Progressive Communications, 2006, *APC Internet Rights Charter*, November 2006.

Benedek, Wolfgang and Kettemann, Matthias C., 2014, *Freedom of Expression on the Internet*, Strasbourg, Council of Europe Publishing.

Center for Law and Democracy, 2011, *Commentary on the Charter of Human Rights and Principles for the Internet*, version 2, October 2011*f*.

Center for Law and Democracy, 2012, *A Truly World-Wide Web: Assessing the Internet from the Perspective of Human Rights*, April 2012.

CGI.br (Brazilian Internet Steering Committee), 2009, *Resolution CGI.Br/RES/2009/003/P—Principles for the Governance and Use of the Internet*, CGI.br—Regulations/

Council of Europe—Committee of Ministers, 2012, *Internet Governance: Council of Europe Strategy 2012–2015*, CM Documents, CM(2011)175 final, March 15, 2012.

Council of Europe, 2014, *Recommendation CM/Rec(2014)6 of the Committee of Ministers to member States on a Guide to human rights for Internet users*, adopted by the Committee of Ministers on 16 April 2014 at the 1197th meeting of the Ministers' Deputies.

Cultura Digital e Democracia, 2014, Marco Civil da Internet (Law 92.465) - Unofficial English translation.

European Commission, EU Charter of Fundamental Rights.

FRA – EU Agency for Fundamental Rights, 2014, Fundamental rights: challenges and achievements in 2013 - Annual report 2013, June 2014

Franklin, M. I., 2013, *Digital Dilemmas: Power, Resistance, and the Internet*, New York/Oxford: Oxford University Press.

Green Party of Aotearoa New Zealand, 2014, *Internet Rights and Freedoms Bill*.

Gurumurthy, Anita, 2013, "What went wrong?" Anita Gurumurthy's statement at the closing ceremony of WSIS plus 10 review, Gender IT.org.

Hawtin, Dixie, 2011, "Making the Internet work for Human Rights: The Internet Rights and Principles Coalition", *Global Voices Advocacy: Defending Free Speech Online*, 13 October 2011.

Hawtin, Dixie, 2011, "Internet Charters and Principles: Trends and Insights" in *Global Information Society Watch* 2011, South Africa: APC and Hivos: 51–54.

Hivos International IG-MENA Project, 2014, *Click Rights* Campaign.

INDH (Instituto Nacional de Derechos Humanos/National Institute of Human Rights), 2013, *Internet y Derechos Humanos*, Instituto Nacional de Derechos Humanos, Santiago: Chile.

ITU/WSIS, 2005, Tunis Agenda for the Information Society, WSIS-05/TUNIS/DOC/6 (Rev. 1)-E, November 18, 2005.

Jørgensen, Rikke F (ed.), 2006, *Human Rights in the Global Information Society*, Cambridge, MA: MIT Press.

# Relevant Research Literature and Commentaries


Jørgensen, Rikke F, 2013, *Framing the Net:The Internet and Human Rights*, Cheltenham UK/Northampton USA: Edward Elgar Publishing.

La Rue, Frank, 2011, *Report of the Special Rapporteur on the Promotion and Protection of the Right to Freedom of Opinion and Expression*. Human Rights Council: UN General Assembly, A/HRC/17/27, May 16, 2011.

MacBride, Sean, (ed.), 1980, *Many Voices, One World: Towards a new, more just and more efficient world information and communication order*, report by the International Commission for the Study of Communication Problems, UNESCO.

Marzouki, Meryem, 2009, *Privacy Issues with EU Law Enforcement Cooperation Developments*, European Digital Rights statement at the Public Voice Conference: Global Privacy Standards in a Global World, November 3, 2009, Madrid, Spain.

Mendel, Toby, Andrew Puddephatt, Ben Wagner, Dixie Hawtin, and Natalia Torres, 2012, *Global Survey on Internet Privacy and Freedom of Expression*, UNESCO Series on Internet Freedom, Paris: UNESCO.

Miriri, Duncan, 2011, “Europe plans charter to safeguard Internet users,” Reuters, 27 September 2011.

Necessary and Proportionate.Org, 2013, International Principles on the Application of Human Rights to Communications Surveillance, July 2013.

NETmundial Global Multistakeholder Meeting on the Future of Internet Governance, 2014, NETmundial Multistakeholder

Statement of Sao Paulo, 24th April 2014.

Pillay, Navi, 2014, The Right to Privacy in the Digital Age, A/HRC/27/37, Report of the Office of the United Nations High Commissioner for Human Rights, Human Rights Council, Twenty-seventh session, Agenda items 2 and 3, Annual report of the United Nations High Commissioner for Human Rights, 30 June 2014.

Public Voice Coalition, 2009, T*he Madrid Privacy Declaration: Global Privacy Standards for a Global World*, 3 November.

Senges, Max and Horner, Lisa, 2009, “Values, Principles and Rights in Internet Governance”, Paper for the Freedom of Expression Project, August 2009.

Singh, Parminder Jeet, 2012c, *A Development Agenda in Internet Governance*, paper delivered to the Geneva South Centre, IT For Change.

UNESCO 2013a, “WSIS + 10: Towards Inclusive Knowledge Societies for Peace and Sustainable Development,” Final Statement, 25-27 February 2013, UNESCO Headquarters, Paris.

UNESCO 2013b, *Final Recommendations—First WSIS + 10 Review Event: Towards Knowledge Societies for Peace and Sustainable Development*.

UNESCO, 1978, “Declaration on Fundamental Principles concerning the Contribution of the Mass Media to Strengthening Peace and International Understanding, to the Promotion of Human Rights and to Countering Racialism, apartheid and-incitement to war”, 28 November *1978.*

UN General Assembly, 1948, *Universal Declaration of Human Rights*.

UN General Assembly, 2000, *Millennium Development Goals*.

UN General Assembly, 2015, Outcome Document of the High LevelMeeting of the General Assembly on the Overall Review of the Implementation of WSIS Outcomes, Outcome Document, December 2015

UN Human Rights: Office of the High Commissioner for Human Rights

UN Human Rights The Right to Privacy in the Digital Age.

## Relevant Research Literature and Commentaries


United Nations Human Rights Council, 2012, Resolution A/HRC/RES/20/8: *Promotion and protection of all human rights, civil, political, economic, social and cultural rights, including the right to development,* UN General Assembly: OHCHR.

United Nations Human Rights Council, 2014, Resolution A/HRC/26/L.24: Promotion and protection of all human rights, civil, political, economic, social and cultural rights, including the right to development,Twenty-sixth session, Agenda item 3, UN General Assembly, 20 June 2014.

Weber, Rolf H, 2015, Principles for governing the Internet: A comparative analysis, UNESCO Series on Internet Freedom.

WSIS Civil Society Caucus, 2003, *Shaping Information Societies for Human Needs*. Civil Society Declaration Unanimously Adopted by the WSIS Civil Society Plenary on December 8, 2003.

WSIS Civil Society Caucus, 2005, Civil Society Declaration: *Much More Could have been Achieved*, Document WSIS-05/TUNIS/CONTR/13-E, December 2005 18.

Internet Rights & Principles Coalition

IGF Internet Governance Forum

# Visit us online for more information and to get involved

internetrightsandprinciples.org

ENDORSEMENTS

We would like to thank all those individuals and organizations supporting the IRPC Charter Booklet project through donations and translation services.